सिक्किम सरकार

# मुख्यमन्त्री

# तथा

# प्रभारी मन्त्री

# वित्त, राजस्व एवं व्ययद्वारा

# बजेट अभिभाषण

दिनांक : १४ जुन, २०२१

**माननीय अध्यक्ष महोदय,**

वित्तीय वर्ष २०२१-२०२२-को बजेट प्रस्तुत गर्न म सिक्किम विधानसभाको यस सम्मानित सदनमा उभिएको छु।

भारतसितै समग्र विश्व नै कोभिड १९ महामारीको दोस्रो लहरबाट निरन्तर प्रभावित बनिरहेको छ। असंख्यौं मानिसहरू यस घातक महामारीको शिकार बने, जसले विश्वको अर्थतन्त्र र समाजलाई नै प्रभावित बनायो। वर्तमानमा, ब्ल्याक फङ्गस जस्ता सम्बन्धित रोगहरूले मानिसहरूमाझ सन्त्रास उत्पन्न गरेको छ। मानवीय क्षतिलाई कम गर्ने हाम्रो सघन प्रयासहरूका बावजूद, हामी सिक्किममा कोभिड १९-को कारण हाम्रा मानिसहरूको मृत्युले अत्यन्त दु:खित छौं। यस अवधिमा ज्यान गुमाउने हाम्रा अधिकांश राज्यवासी बिभिन्न अन्य रोगहरूद्वारा ग्रसित थिए र हामी हाम्रा इष्ट देव-देवीहरूसित दिवङ्गत आत्माहरूलाई ईश्वरीय मार्ग प्रदान गर्ने प्रार्थना गर्दछौं साथै शोक संतप्त परिवारहरूलाई यस अपूरणीय क्षति वहन गर्नसक्ने शक्ति प्रदान गर्न प्रार्थना गर्दछौं।

यस महामारीको सामना गर्नु वैज्ञानिक समुदाय, चिकित्सा अभ्यासकर्ता, समग्र स्वास्थ्य प्रणाली अनि समग्र सरकारी संरचनाको निम्ति विकट चुनौती रहिआएको छ। यसले सबै स्तरमा बाधा, डर, संका र चिन्ता उत्पन्न गरेको छैं।

भाग्यवस, अहिले हामीसित टीका उपलब्ध छ, जसले हामीलाई भाइरसदेखि बचाउन सक्छ। यी टीकाहरू उनीहरूको जीवन रक्षा सामर्थ्यका कारण अदभूत छन्, जसलाई हाम्रा वैज्ञानिक अनि चिकित्सा समुदायले रेकर्ड समयमा तयार गरेका छन्। समयमै उपचार सुविधा उपलब्धता र समग्र समावेशी मानवीय योगदानका निम्ति म वैज्ञानिक र एजेन्सीहरूप्रति हृदयदेखि नै धन्यवाद व्यक्त गर्दछु। समग्र भारत नै यसबाट अत्याधिक प्रभावित बन्यो।

लकडाउनले अकल्पनीय कठिनाइ निम्त्यायो र सबै वर्ग र हाम्रो अर्थतन्त्र अनि भूगोललाई प्रतिकुल असर गऱ्यो। हाम्रा सम्माननीय प्रधानमन्त्री र उहाँको टोली नागरिकहरूको मृत्यु र महामारीको प्रभावलाई कम गर्न प्रयासरत छ। गत वर्ष मार्च-जून, २०२०-को महामारीको प्रथम चरणपछि हामीले आत्मनिर्भर भारत लगायतका धेरै उपायहरूलाई अवलोकन गर्न सक्छौं। हामी महामारीको दोस्रो चरणको परिणाम स्वरूप आउने कठिनाईहरूदेखि बाहिर निस्कन आगामी केही महिनाहरूमा ठोस उपायहरूबारे ध्यानपूर्वक विचार गरिरहेछौं।

कोभिड १९ महामारीलाई रोक्न र यसको क्षतिको प्रभावलाई पराजित गर्ने सम्माननीय प्रधानमन्त्री अनि केन्द्र सरकारका प्रयासहरूलाई हामी पूर्ण समर्थन गर्दछौं। वैश्विक महामारीको यस समयमा सिक्किमका मानिसहरूलाई सबै प्रकारको सहयोग उपलब्ध गराएकोमा हामी

सम्माननीय प्रधानमन्त्री र उहाँको मन्त्रीमण्डलका प्रत्येक सदस्यप्रति विनम्रतापूर्वक आभार व्यक्त गर्न चाहन्छौं।

महामारीको प्रभावलाई कम गर्न सरकारका निम्ति कति चुनौतीपूर्ण र कठिन रहेको थियो, त्यो हामी बुझ्छौं। सम्माननीय प्रधानमन्त्री अनि भारत सरकारको निरन्तर सहयोगका निम्ति सिक्किमवासी प्रशंसा गर्नका साथै कृतज्ञता व्यक्त गर्दछन्।

माननीय अध्यक्ष महोदय,

यस घातक महामारीको हाम्रा मानिस, समाज, समुदाय अनि अर्थतन्त्र र जीविकोपार्जनमाथि परेको प्रभावबारे हामी अवगत छौं। हामीले शासन सम्हालेको वर्ष दिन नपुग्दै यस महामारीले हामीमाथि प्रहार गऱ्यो। हाम्रो सरकार केवल नौं महिना अघि मई २०१९-मा सत्तामा आएको थियो। विरासतमा पाएको रू. २०,००० करोड़ भन्दा अधिकको ऋणको बोझ र रित्तो राजकोषलाई प्रबन्धन गर्ने दिशामा हामी लागि परेका थियौं। उपेक्षित अनि मानक तथा व्यवस्था ध्वस्त गरिएका संस्थानहरूको पुनर्निर्माण गर्न अनि तिनमा विश्वास उत्पन्न गर्न हामी प्रयासरत थियौं। सरकारी कर्मचारीहरूको सम्पूर्ण वर्णक्रमलाई पूर्ण रूपमा निरूत्साहित गरिएको थियो र भाई-भतीजावाद आफ्नो चरममा थियो, जसले गर्दा युवाहरू विभिन्न अवसरहरूबाट वञ्चित हुनुपरेको थियो। अभाग्यवस यी सबैसितै, हामी अकस्मात कोभिड १९ महामारीको चपेटमा पऱ्यौं।

हामीले चाँड़ै महसूस गऱ्यौं कि सिक्किममा विगतको सरकारद्वारा २५ वर्षको सत्तापछि पनि स्वास्थ्य प्रणालीहरूमा महत्त्वपूर्ण प्राथमिक सुविधाहरू समेत प्रदान गरिएन र राज्यको स्वास्थ्य संरचना पूर्ण रूपले अस्त-व्यस्त बनेको थियो। मैले व्यक्तिगत रूपमा यो कुरा स्वीकार गर्नुपर्छ कि यदि यसमा मेरा प्रतिबद्ध मन्त्री अनि विधायक सहयोगीहरू, अधिकारीगण, डाक्टर, नर्स, स्वास्थ्य कार्यकर्ता, पुलिसकर्मी, सामुदायिक संगठन, नागरिक समाजका सदस्य अनि मीडियाको समर्थन थिएन भने यस महामारीको सामना गर्न हाम्रो निम्ति अत्याधिक कठिन हुने थियो। अन्तरराष्ट्रिय सीमामा अवस्थित हुनाले राष्ट्रिय सुरक्षा हाम्रो सर्वोच्च प्राथमिकता हो र हामीले अद्वितीय दृष्टिकोणका साथ यस महामारीसित जुझ्नु थियो।

गम्भीर वित्तीय बाधाहरू र भौगोलिक व्यवधानहरूका बावजूद र भारत तथा विश्वमै अचनाक महामारी फैलिएको स्थितिमा, राज्य सरकार कोभिड १९-को सामना गर्न भौतिक आधारभूत संचरना र सुविधाहरूलाई व्यापक स्तरमा एक्यबद्ध गर्न सक्षम रहेको छ।

**माननीय अध्यक्ष महोदय,**

यस महामारीलाई रोक्न र संक्रमणलाई कम गर्न लकडाउन एउटा महत्त्वपूर्ण उपाय रहेको छ। यद्यपि, लकडाउनले विभिन्न क्षेत्रभित्र तथा यससित जोड़िएका गतिविधिहरू दुवैमा माँग र आपूर्तिको

प्रवाहलाई अलग गरिदियो। यस बाहेक, आपूर्ति अनि मूल्य श्रृङ्खला प्रतिकूल रूपमा प्रभावित रह्यो। हाम्रो त्वरित अनुमानले बताउँछ कि मार्च-मई, २०२० अवधि लकडाउनको पहिलो चरणमा सकल राज्य घरेलू मूल्य वर्धित (जीएसभीए)-मा अनुमानित कमी रू. २०६६ करोड़ अनि सकल राज्य घरेलू उत्पाद लगभग रू. २२०० करोड़ थियो। सबैभन्दा अधिक रू. ९६६ करोड़ नोक्सानीको परिणाम पर्यटनसमेत सेवा क्षेत्रमा र न्यूनतम रू. २१२ करोड़ कृषि क्षेत्रमाथि पऱ्यो।

चरम ग्रीष्म पर्यटन मौसम अवधि महामारीको दोस्रो लहरबीच लकडाउनको पालन गरिंदैछ। यसले पर्यटन गतिविधिको समग्र संरचनाहरू जस्तै ट्राभल एजेन्सी, यातायात, होटल तथा रेस्टुरेन्ट, होमस्टे, सहासिक सेवा प्रदाताहरू, पर्यटन मार्केट, व्यक्तिगत सेवा प्रदाताहरू जस्तै गाइड, फोटोग्राफर, खाद्य तथा कृषिलाई प्रभावित गरेको छ। पर्यटन उद्योगमाथि निर्भर हकर, बजार, खाद्य उत्पादक, निजीरूपमा लिइने सेवाहरू, श्रमिकहरू तथा धेरै अन्य गतिविधिहरूमाथि असीमित प्रतिकूल प्रभाव परेको छ। यी सेवाहरू वृहतरूपमा असङ्गठित र अव्यवस्थित भएकाले कहिल्यैपनि फलदायक हुनसक्दैनन्।

पर्यटन क्षेत्रमा प्रभावको एउटा उदाहरण होटलहरूद्वारा बिजुली उपभोगमा ठूलो गिरावट आउनु हो। उर्जा विभागद्वारा सङ्कलित

नमूनाले देखाउँछ कि साना होटलहरूको बिजुली उपभोगमा अप्रेल २०१९ को तुलनामा अप्रेल २०२० मा ६४५६० युनिटको गिरावट दर्ता गरियो। यसले एउटा होटलबाट मासिक रू. ३ लाखको प्रशुल्क घाटा भयो। होम स्टेहरू, गेस्ट हाउस, रेस्ट हाउस अनि रेस्टुरेन्टहरूबाहेक १,१०० भन्दा अधिक होटलहरूले १०,००० भन्दा अधिक मानिसहरूलाई प्रत्यक्ष रोजगार प्रदान गरिरहेका छन्।

डिस्टिलेरिज सब सेक्टरमा पनि माग हुँदाहुँदै हामीले घाटा भएको पायौं। राज्यमा मदिरा अनि बियरको कुल उत्पादनको लगभग ४० प्रतिशत स्थानीयरूपमा उपभोग हुन्छ र ६० प्रतिशत छिमेकी राज्यहरूमा निर्यात गरिन्छ। २०१९ को उत्पादन आँकडासित तुलना गर्दा अप्रेल-मई लकडाउन अवधि मदिरामा ६७,१२० केस अनि बियरमा ४.३६ लाख केस उत्पादन घाटा भएको थियो।

आबकारी शुल्क र शिक्षा शुल्कमा राज्यको राजस्वमा भारी गिरावट भएको छ। मार्च-मई २०१९-को तुलनामा, आबकारी शुल्क योगदान मार्च मई-२०२० मा १६.५८ करोड़ अनि यसै अवधि शिक्षा शुल्क रू. ७४.०८ लाख घटेको छ।

उत्पादन एकाई, परिवहन, सब्जी विक्रेता, फूल उत्पादक अनि प्याकेजिङ उद्योग लगायतका कृषि आपूर्ति श्रृंखला सबै बाधित भएका छन्। कृषकहरूको आयमा ठूलो गिरावट भयो भने उनीहरूको

जीविकोपार्जन बाधित बन्यो। रोजगार क्षेत्रलाई यस महामारीले तीन तर्फबाट हानी पुऱ्याएको छ;

१) पर्यटन, परिवहन, उद्योग, स्वरोजगार, बजार आधारित व्यापारजस्ता विभिन्न व्यवसायबाट ठूलो संख्यामा कुशल र अकुशल तथा श्रमिकदेखि प्रबन्धनसम्मलाई विस्थापित गरेको छ;

२) ठूलो संख्यामा राज्यबाहिर कार्यरत सिक्किमेहरू प्रति-पलायन भएर राज्य फर्किआएका छन्;

३) निर्माण, नागरिक सेवा, विनिर्माण केन्द्रहरू लगायतका नयाँ गतिविधिहरू आउने धेरै महिनाहरूमा पुनः स्थगित रहनसक्ने देखिएका छन्।

## आर्थिक पुनरूत्थान समितिको रिपोर्ट

महामारीबाट भएको आर्थिक तथा अन्य प्रभावलाई अध्ययन गर्न एउटा उच्च स्तरीय समिति गठन गर्ने र कठोर लकडाउनपछि अर्थतन्त्रमाथि भएको क्षतिलाई पुनर्स्थापित गर्ने अनि उपाय तथा माध्यमबारे सुझाउ दिने सिक्किम सायद पहिलो राज्य बन्यो। समितिका अध्यक्ष सिक्किम विधानसभा माननीय सदस्य श्री सोनामछिरिङ भेञ्चुङपाले सबै हितधारक एजेन्सी, संस्थान, जनसाधारण र पेशेवरहरूसित सघन परामर्शपछि एउटा विस्तृत प्रतिवेदन बुझाए। हामी जबकि, दिर्घ तथा अल्प अवधि दुवैमा केही प्रमुख

सिफारिसहरूलाई कार्यान्वयन गर्ने तयारीमा थियौं, देशका अन्य राज्यहरूझैं हाम्रो राज्य पनि अहिले अकस्मात कोभिड १९ महामारीको दोस्रो लहरद्वारा प्रभावित बन्न पुगेको छ। यसले गर्दा पुनः नयाँ लकडाउन निर्धारण गर्नुपरेको छ र यसले आर्थिक सुधार र पुनःर्निर्माण प्रक्रियालाई अझ क्षति पुऱ्याएको छ। यसले मार्च २०२१-मा निर्धारित बजेट प्रस्तुतिलाई समेत बिलम्बित गरेको छ।

तथापि, हामी प्रतिकुल प्रभावलाई कम गर्न, सबै हितधारकहरू तथा सर्वसाधारणलाई अधिकतम यथासम्भव राहत प्रदान गर्न प्रतिबद्ध छौं। हामी हाम्रो अर्थतन्त्रलाई पुनर्जीवित र पुनर्निर्माण गर्न निरन्तर रूपमा विशेष रणनीतिहरू तयार गरिरहेछौं। वास्तवमा, अगस्त २०२०-देखि मार्च २०२१-सम्म अर्थतन्त्रले अघिबाटै सुधारको लक्षण देखाउन थालिसकेको थियो।

**माननीय अध्यक्ष महोदय,**

म ओजस्वी सदनको तर्फबाट सिक्किममा महामारीको दुवै लहरअवधि सहयोग र सहकार्यका निम्ति सिक्किमे जनता, अग्रिम पंक्तिका योद्धाहरू, डाक्टर, नर्स, अधिकारीगण, पुलिसकर्मी, होमगार्ड, सफाइ कर्मचारी, धोबी, चिकित्सा सहायक लगायत सबै सहायक कर्मचारी, स्वयंसेवी, नागरिक समाज, राजनीतिक कार्यकर्ता, मीडिया, कृषक, मजदुर, चालक, व्यापारी, पर्यटन उद्योग हितधारक र सबै

अन्यप्रति धन्यवाद व्यक्त गर्दछु। हामी तपाईंहरूको योगदानलाई उच्च मूल्याङ्कन गर्दछौं र पुनः राज्य अनि राष्ट्रलाई पुऱ्याउनुभएको सेवाको निम्ति तपाईंहरूलाई नमन गर्दछौं।

हाम्रा सम्माननीय राज्यपाल श्री गंगा प्रसाद महोदय यी कठिन अनि कष्टदायक समयमा प्रोत्साहन, नैतिक सहयोग अनि दिशानिर्देशका अद्वितीय स्रोत रहिआउनुभएको छ।

माननीय महोदय, सिक्किम अनि सिक्किमवासीले तपाईंको प्रतिबद्धता र समर्पणलाई सदैव स्मरण गर्नेछन्।

यी कठिन र दुःखद दिनहरूमा पनि म दुईवटा सुखद खबरहरू साझा गर्न चाहन्छु जसले सिक्किमको निम्ति राहत, गर्व, सम्मान र पहिचान दिलाएको छ। सिक्किमकी छोरी, सोरेङ, पश्चिम सिक्किमकी श्रीमती मणिता प्रधानले १ जून, २०२१-को दिन विश्वको सर्वोच्च शिखर सगरमाथामा पाइला टेकिन। उनको यस कार्यले सिक्किममा मुस्कान तथा राज्यलाई पहिचान दिलाएको छ। उनको उपलब्धीको निम्ति हाम्रो न्यानो बधाई एवं प्रशंसा छ।

सोही प्रकारले, हाम्रा बहुमुखी प्रतिभा र सर्वसम्मानित खेलाड़ी श्री तरूणदिप राई पनि जापानमा हुने ओलम्पिकमा भारतको प्रतिनिधित्वको निम्ति चयनित हुनुभएको छ। उहाँको सफलताका

निम्ति हाम्रो न्यानो शुभेच्छा छ र उहाँद्वारा सिक्किम तथा हाम्रो राष्ट्र भारतको निम्ति धेरै माइलखुट्टी हासिल होस् र सम्मान मिलोस भनी हामी प्रार्थना गर्दछौं।

**स्वास्थ्य**

**हाम्रो उच्च प्राथमिकता: स्वास्थ्य तथा सम्बन्धित सुविधाहरू**

सत्तामा आउनअघि अनि कार्यालय सम्हालेपछि हाम्रो सरकारको एकमात्र लक्ष्य स्वास्थ्य क्षेत्र रहेको छ। विनाशकारी महामारीले हाम्रो विस्वास अनि प्रतिबद्धतालाई अझ मजबूत गरेको छ र सिक्किममा उत्कृष्ट सम्भावित स्वास्थ्य सुविधाहरू उपलब्ध गराउने हाम्रो दृढ़ निश्चयलाई सुनिश्चित गरेको छ। हामी महामारीको पहिलो लहरलाई कुशलतापूर्वक सम्हाल्न सफल रह्यौं र विभिन्न उपायहरू अपनाएर स्थितिलाई नियन्त्रणमा ल्यायौं। अहिले हामी यस महामारीको दोस्रो लहरसित जुझ्दैछौं।

महामारीको प्रतिकुल प्रभावलाई नियन्त्रित र कम गर्नसितै हाम्रो प्राथमिक उद्देश्य ग्रामीण तथा शहरी क्षेत्र दुवैमा मानिसहरूको घर-दैलोमा स्वास्थ्य सुविधाहरू उपलब्ध गराउने प्रतिबद्धता हो। यसैले, सुदुरवर्ती समुदायहरूलाई यथासम्भव द्रुतगतिमा सेवा पुऱ्याउन हामी प्रथमपल्ट स्वास्थ्य सुविधाहरूको विकेन्द्रीकरण गरिरहेका छौं। हामीले अघिबाटै निम्न उपायहरू अपनाइसकेका छौः

१) कोभिड १९ रोगीहरूको निम्ति सरकारी तथा नीजि अस्पताल दुवैमा विशेष सुविधाहरू।

२) प्रमुख दवाई तथा अन्य सुविधाहरूको पर्याप्त आपूर्ति

३) दक्षिण अनि पश्चिम जिल्लाका निम्ति दक्षिण सिक्किमको कर्फेकटारमा एउटा ५० पलङ्युक्त कोभिड समर्पित अस्पताल स्थापित हुँदैछ, जुन चाँड़ै सञ्चालनमा आउनेछ। यो महामारीको सम्भावित तेस्रो लहरको सामना गर्नका निम्ति गरिएको हो।

४) एक चिकित्सक र नर्ससितै सबै आधारभूत चिकित्सा सुविधायुक्त भिलेज मोबाइल क्लिनिक एम्बुलेन्स शुरू गरिएको छ। उनीहरू सबै गाउँहरूमा साप्ताहिक भ्रमणमा जान्छन्, जसले गर्दा गाउँलेहरू स-साना बिमारीहरूको निम्ति जिल्ला अस्पतालहरू धाउनु नपरोस।

५) सोरेङमा सामुदायिक स्वास्थ्य केन्द्र (सीएचसी)-को स्थापना शुरू भएको छ।

६) अहिलेसम्म १,३२,३५० लाभार्थीहरूले राहत प्याकेज प्राप्त गरेका छन्।

७) आवश्यकता भएकाहरूलाई कोभिड केयर किट्स वितरण गरिएको छ र राज्यभरि नै बीपीएल परिवारहरूलाई राशिन उपलब्ध गरिएको छ।

८) सरकारी टीकाकरण केन्द्रहरू र प्राथमिक स्वास्थ्य उपकेन्द्र (पीएचएससी)-हरूमा सबै उमेर समूहलाई निःशुल्क टीकाकरण गरिँदैछ।

२०१९-अघि सम्पूर्ण सिक्किमभरि नै कुनै अक्सीजन प्लान्ट थिएन। कोभिड १९ महामारी अवधि अक्सीजनको आवश्यकताको समस्यालाई आकलन गर्दै राज्य सरकारले एसटीएनएम-मा ५०० लिटर प्रतिमिनट पीएसए प्लान्ट स्थापित गऱ्यो, जुन दोस्रो लहरमा धेरै सहयोगी साबित भयो। यस अतिरिक्त, अक्सीजनको पर्याप्त आपूर्ति र सहज पहुँच सुनिश्चित गर्न निम्न प्रावधानहरू बनाइएका छन्।

राज्य सरकारको आग्रहमा केन्द्र सरकारले तत्काल १००० लिटर प्रतिमिनटको एउटा अक्सीजन प्लान्टलाई स्वीकृति दिएको छ, जसलाई एसटीएनएम अस्पतालमा अहिले जड़ान गरिएको छ।

क) गेजिङ र नाम्ची अस्पतालमा अहिले २०० लिटर प्रतिमिनट क्षमताको अक्सीजन प्लान्ट छन्।

ख) सिङ्ताम जिल्ला अस्पतालसित २०० लिटर प्रतिमिनट क्षमताको अक्सीटन प्लान्ट छ, जुन केन्द्र सरकारले दिएको हो।

ग) नाम्ची र मंगन अस्पतालका निम्ति हामीले ५०० लिटर प्रतिमिनट क्षमताको अक्सीजन प्लान्ट आपूर्तिको लागि केन्द्र सरकारलाई सम्भाव्यता प्रतिवेदन बुझाएका छौं।

घ) राज्य सरकार रम्फूको माइनिडमा १००० लिटर प्रतिमिनट क्षमताको एउटा अक्सीटन प्लान्ट स्थापित गरिरहेछ।

## एमबीबीएस सिट सम्झौता

हामीले सिक्किम मनिपाल चिकित्सा विज्ञान संस्थान, गान्तोकसित ५०-वटा शुल्क रहित र ३०-वटा शुल्कसहितका एमबीबीएस सिटको सम्झौता गरेका छौं। यसअन्तर्गत, सिक्किम सरकारले संस्थानलाई वार्षिक रू. ४ करोड़ ५० लाख भुक्तान गर्नेछ। यसबाट हामी यो सुनिश्चित गर्नेछौं- १) हाम्रो समाजको वञ्चित वर्गको निःशुल्क चिकित्सा शिक्षासम्म पहुँच, २) सिक्किम सरकार र मनिपाल विश्वविद्यालयबीच यो प्रबन्धन रहेसम्म सिक्किमका युवा आकांक्षीहरूको लागि वार्षिक रूपमा ८० सिटको उपलब्धता, ३) आफ्नो शिक्षा व्यय धान्नसक्नेहरूका निम्ति घर-दैलोमा गुणस्तरीय शिक्षा।

## माननीय अध्यक्ष महोदय,

आगामी केही वर्षहरूमा, हामी व्यवस्था र अधिक विशिष्ट पाठ्यक्रम अनि कार्यक्रम तथा सीट संख्याको सन्दर्भमा पनि वृद्धि गर्नेछौं। सिक्किम सरकारले केन्द्र सरकारसित सिक्किम मनिपाल चिकित्सा विज्ञान संस्थानमा मेडिकल छात्रहरूको संख्या बढ़ाइदिने अनुरोध गरेको छ। यस व्यवस्थापनलाई अघि बढ़ाउन हामी एउटा निगरानी समिति स्थापित गरिरहेछौं।

हामी आशा गर्छौं कि आगामी १० वर्षको अवधिमा हामी कम से कम ४८० दक्ष डाक्टरहरू तयार गर्नमा सक्षम हुनेछौं अनि यो संख्या समयसितै वृद्धि हुनेछ। उनीहरूलाई हाम्रो छिमेकी राज्य पश्चिम बङ्गाल अनि पूर्वोत्तर क्षेत्रसहित भारत र विदेशमा काहीं पनि तैनात गर्न सकिनेछ। यस कदमले सिक्किमलाई देशमा एउटा प्रमुख स्वास्थ्य पर्यटन स्थल बनाउने हाम्रो राज्यको प्रयासमा पनि सहयोग पुऱ्याउनेछ।

## वैश्विक कोभिड १९ टीकाकरण

जब हामी कोभिड १९ सम्बन्धित टीकाकरण नीति विकसित गरिरहेका थियौं तब हाम्रा सम्माननीय प्रधान मन्त्रीले १८ वर्षदेखि माथिको उमेरका सबै मानिसहरूलाई केन्द्र सरकारद्वारा निःशुल्क टीकाकरण प्रदान गर्ने एउटा धेरै उत्साहजनक र स्पष्ट नीतिको घोषणा गर्नुभयो। अपेक्षाकृत सामान्य जनसंख्या लाभको कारण, हाम्रो लक्ष्य सम्पूर्ण राज्यको जनसंख्यालाई चाँड़ो टीकाकरण गर्नु हो।

तसर्थ, सिक्किमका सबै स्थायी वासिन्दा र सिक्किममा अस्थायी रूपमा काम गरिरहेका व्यक्तिहरू र उनीहरूका परिवारका सदस्यहरूलाई दुवै चरणको वैश्विक खोप निःशुल्क लगाइनेछ। सरकारको सार्वभौमिक टीकाकरण कार्यक्रम तपाईंहरूको घर दैलो र क्षेत्रसम्म नपुगेसम्म शान्त, सुरक्षित अनि स्वस्थ रहेर प्रतीक्षा गर्ने हामी सबै सिक्किमवासीसित अपील गर्दछौं।

यो कार्यक्रमको पहल गरिएकोमा म भारत सरकार तथा सम्माननीय प्रधानमन्त्रीप्रति हृदयबाटै कृतज्ञता व्यक्त गर्दछु।

## उपकरण र सामग्री

जब हामीले शासन सम्हाल्यौं, तब विभिन्न जिल्ला अस्पतालहरूमा आधारभूत उपकरण र आवश्यक सामग्रीसम्म उपलब्ध नरहेको पायौं।

यदि हाम्रो सरकारले अधिक व्यापक र गहन्तासित अस्पतालहरूलाई आवस्यक उपकरणहरूद्वारा सुसज्जित नगरेको भए कोभिड १९ महामारीको समयमा अस्पतालहरूको वस्तुस्थिति उदाङ्गो हुनेथियो।

राज्यमा पहिलोपल्ट हामीसित निम्नलिखितहरू छन्:

क) नाम्ची, गेजिङ र गान्तोक तीनवटा जिल्ला अस्पतालहरूमा डाइलेसिस सुविधाहरू

ख) एसटीएनएम-मा ७८, गेजिङ र नाम्चीमा १०-१०-वटा पलङसहित सबै जिल्ला अस्पतालहरूमा अहिले पूर्ण उपकरणयुक्त सघन चिकित्सा एकाई (आईसीयू) छ। यसबाहेक हाल बहुविशेषतायुक्त पहुँच कार्यक्रम (ईएनटी, कार्डियो, न्यूरो आदि) पनि उपलब्ध छन्।

ग) यसबाहेक एसटीएनएम अस्पतालमा ईएनटी, कार्डियो र न्यूरो जस्ता बहुविशेषतायुक्त सुविधाहरू पनि शुरू गरिएको छ। जिल्ला स्तरमा पनि बहुविशेषतायुक्त पहुँच कार्यक्रम शुरू गरिएको छ।

घ) वितेको दुई महिनादेखि एसटीएनएम अस्पतालमा एउटा नीजि वार्ड पनि सञ्चालनमा छ र यो अहिले जनसाधारणका निम्ति खुल्ला गरिएको छ।

ङ) धेरैवटा प्रमुख शल्यक्रियाहरू हाल जिल्ला अस्पतालहरूमा गरिँदैछ।

च) विभिन्न जिल्ला अस्पतालहरूको निम्ति हामी बहुविशेषतायुक्त चिकित्सकहरूको सहयोग लिइरहेछौं र हामीले चिकित्सा अधिकारी, नर्स, चालक, सहायक, सफाइ कर्मचारी, धोबी तथा अन्य चिकित्सा सहायक कर्मचारीहरू नियुक्त गरेका छौं।

छ) हामीसित एसटीएनएम अस्पतालमा कोभिड १९ अनि अन्य संक्रामक रोग प्रयोगशाला र अन्य जिल्ला अस्पतालहरूमा जाँच प्रयोगशाला र उपकरणहरू छन्।

**नाम्ची अस्पताल विस्तार**

नाम्ची अस्पताल धेरै अघि १९७५-मा स्थापित भएको थियो। तथापि, जनसमुदायद्वारा कोष र व्यापक कठिनाइको सामना गरिरहँदा पनि १९९४-२०१९-को अवधिमा यस अस्पतालमा सुविधा विस्तार गर्न कुनै इमान्दार प्रयास गरिएन।

हामीले अहिले एउटा नयाँ ३०० पलङयुक्त अस्पताल निर्माण शुरू गरेका छौं, जसको लाभ दक्षिण र पश्चिम सिक्किमका वासिन्दाहरूले सजिलैसित उपभोग गर्न सक्नेछन्। यस अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको सेवा लिनका निम्ति वेतन बढ़ाइनेछ साथै अन्य आकर्षक सुविधाहरू पनि प्रदान गरिनेछ। हामीलाई विश्वास छ कि आगामी केही वर्षहरूमा मानिसहरूले आधुनिक दबाई र स्वास्थ्य सुविधाको लाभ उठाउन शुरू गर्नेछन्।

## क्यान्सर अस्पताल

राज्यका सबै स्थानका वासिन्दाहरूले राज्यमै क्यान्सर सम्बन्धित उपचारको आवश्यकता महसुस गरेका थिए। दशकौंसम्म उनीहरूले क्यान्सरको आधारभूत उपचारको निम्ति दिल्ली, मुम्बई, चेन्नई र ब्याङ्गलोर जानुपर्थ्यो। सिक्किमका क्यान्सर बिरामीहरूको यो कष्टकर अनुभव चाँडै अन्त हुनेछ। सबैभन्दा पहिला, हामीले गान्तोकको एसटीएनएम अस्पतालमा क्यान्सर ट्रिटमेन्ट टर्सियरी सुविधा शुरू गर्‍यौं। अनकोलजी विभागसित अहिले रेडिएसन थेरापी युनिट छ।

हामीसित अहिले कर्फेकटार, जोरथाङमा कार्डिएक सब सेन्टर छ। यस बाहेक, हामी कर्फेकटार, जोरथाङमा सार्वजनिक-नीजि साझेदारी (पीपीपी) मोडलमा एउटा पूर्णविकसित क्यान्सर अस्पताल पनि स्थापित गर्दैछौं।

## स्वास्थ्य क्षेत्रमा अत्याधुनिक प्रतिवेदन

स्वास्थ्य क्षेत्रको महत्त्व र यसको प्रकृतिको बदलिँदो गतिशीलता तथा नयाँ प्रकारका घातक बिमारीहरूलाई हेर्दै, हाम्रो सरकार स्वास्थ्य क्षेत्रमाथि एउटा अत्याधुनिक रिपोर्ट तयार गर्न चाहन्छ, जसले हामी सार्वजनिक स्वास्थ्य क्षेत्रमा कहाँ छौं त्यसको एउटा व्यापक तस्वीर उपलब्ध गराउनेछ। यस रिपोर्टले हामीलाई यो पनि बताउनेछ कि अल्पावधि र दीर्घावधि दुवैमा मानव तथा भौतिक दुवैलाई परिचालन गर्न केको आवश्यकता र सम्भावना छ। यस व्यापक प्रतिवेदनलाई तयार गर्न हामी देशमा एउटा प्रतिष्ठित सार्वजनिक स्वास्थ्य सम्बन्धित संस्थानलाई मञ्जुरी दिनेछौं।

## सरकारी कर्मचारीहरूलाई स्वास्थ्य बीमा

हाम्रो सरकारले चिकित्सा आवश्यकता परेका मानिसहरूलाई प्रदान गरिने वित्तीय सहायताको प्रणालीलाई धेरै हदसम्म सुव्यवस्थित गरेको छ, जसलाई यसको आवश्यकता पर्दछ। अहिले यसलाई मुख्यमन्त्री राहत कोषको माध्यमबाट वितरित गरिन्छ अनि अधिक निष्पक्ष रूपमा प्रबन्धित गरिन्छ, ताकि सबै मानिसहरू र परिवारले सहजरूपमा यस राशिको उपयोग राज्य बाहिर उपचारका निम्ति गर्न सकुन्। जब हामी राज्यभित्रै आफ्नो चिकित्सा सुविधा विकसित गर्दै जान्छौं, तब विस्तारै यस्ता सहयोगमा कटौती गर्दै लाने हाम्रो

योजना छ। एकपल्ट स्थापित भएपछि सबैले यी सुविधाहरू स्वतन्त्र रूपमा उपभोग गर्न सक्नेछन्।

सिक्किममा पहिलोचोटी हाम्रो सरकारले सु-स्वास्थ्य योजनाअन्तर्गत स्थायी/नियमित सरकारी कर्मचारीहरूलाई समेट्दै स्वास्थ्य बीमा शुरू गरेको छ। यसअन्तर्गत, कर्मचारीको परिवारका हरेक सदस्यले ओपन हार्ट सर्जरी, मृगौला प्रत्यारोपण, कलेजो अन्तरण आदि जस्ता गम्भीर उपचारको निम्ति रू. १०-देखि रू. २० लाखसम्मको बीमा सुविधा पाउनेछन्, जुन उनीहरूको रोजाइअनुसार देशका लगभग ४०० नामाङ्कित अस्पतालहरूमा हुनेछ।

महामारीका कारण भएको लकडाउनको प्रभावलाई निरस्त गरिसकेपछि राज्यमा सबैलाई सार्वभौमिक स्वास्थ्य बीमा कभरेज प्रदान गर्ने अन्तिम उद्देश्यका साथ राज्यका सबै एमआर, एड्हक, अनुबन्धित अनि वर्कचार्ज कर्मचारीहरूलाई यस प्रकारको बीमा सुविधा विस्तार गर्ने हाम्रो योजना छ।

## पर्यटन

## पर्यटनमाथि पुनःकेन्द्रित

जीविकोपार्जन, आय अनि राजस्व उपार्जन उद्योगको रूपमा पर्यटन क्षेत्रमाथि पुनःकेन्द्रित हुनु हाम्रो प्रमुख प्राथमिकता हो। राहत

तथा पुन:निर्माण उपायसित सम्बन्धित लकडाउनको प्रभाव बाहेक हामी केही प्रमुख परियोजनाहरूमाथि काम गरिरहेछौं।

१) मेगा होमस्टे परियोजनाअन्तर्गत सरकारद्वारा १०००-वटा होमस्टे निर्माण गरिनेछ। प्रत्येक घरमा तीनवटा कोठा र अन्य सुविधाहरू रहनेछन्। गाउँका आकर्षक स्थानहरूमा कुल ३००० स्थानीय रूपमा तयार गरिएका पारम्परिक संरचनाका कोठाहरू रहनेछन् र गाउँलेहरूद्वारा व्यवसायिक रूपमा सञ्चालित हुनेछन्। हामीले के महसुस गर्‍यौं भने होमस्टे एउटा दह्रिलो अवधारणा हो, जहाँ कोही पनि रमणीय प्रकृतिले भरिएको कुनै दुर्गम गाउँमा जान चाहन्छ, स्थानीय समुदायसित बस्न चाहन्छ अनि जैविक भोजनको आनन्द लिन चाहन्छ। हामीले  यो पनि थाहा पायौं कि लकडाउनको समयमा अधिक संख्यामा मानिसहरू गाउँहरूमा तर्फ गए अनि यी होमस्टेहरूको उपयोग गरे।

यी ३००० कोठाहरूले ३६५ दिनका निम्ति ८० प्रतिशत अधिग्रहण दरमात्रले पनि रू. १७५ करोड़ वार्षिक आय उपार्जन गर्न सक्छन्।

८० % अधिग्रहण: २४०० x ३६५ दिन x रू. २००० प्रति कोठा = रू. १७५.२० करोड प्रति वर्ष

यसले ९६०० व्यक्ति (४ व्यक्तिप्रति कोठा x २४००)-हरूलाई प्रत्यक्ष रोजगार प्रदान गर्नसक्छ अनि ३८४०० व्यक्ति (प्रत्यक्ष रोजगारको ४ गुणा)-हरूलाई अप्रत्यक्ष रोजगार प्रदान गर्नसक्छ।

खाद्य उत्पादन, डेरी र अन्य व्यवसाय जस्ता सबै विकसित तथा विपणन सुविधाहरूमा यसको व्यापक प्रभाव पर्नेछ अनि राज्यका निम्ति अत्याधिक राजस्व संग्रह हुनेछ।

आवश्यकता परेको खण्डमा हामी गोवा, केरला अनि उत्तराखण्ड तथा हिमाचल प्रदेश र यहाँसम्म कि दार्जीलिङसहित अन्य स्थानहरूमा युवा उद्यमी र अन्य कर्मचारीहरूलाई प्रशिक्षण साथै क्षमता निर्माणका लागि पठाउनेछौं।

**माननीय अध्यक्ष महोदय,**

म धेरै अन्य परियोजनाहरूको पनि उल्लेख गर्नेछु जुन पर्यटकहरूलाई विविध आकर्षण प्रदान गर्न अनि उनीहरूको सुचारू प्रवाहलाई सुविधाजनक बनाउनका निम्ति शुरू गरिँदैछ। दार्जीलिङदेखि पश्चिम सिक्किम आउने विदेशी पर्यटकहरूका लागि मल्ली अनि रम्फू तथा उत्तरे-चिवाभञ्ज्याङ-ताप्लेजुङ रूटको माध्यमद्वारा लामो दूरीको यात्रादेखि बच्न रम्माम, पश्चिम सिक्किममा विदेशी पञ्जीकरण कार्यालय अहिले सञ्चालनमा छ।

यस मार्गमा वाणिज्यिक चेक पोस्ट अनि आर्थिक गतिविधिहरू शुरू गर्ने केन्द्र सरकारसित अनुरोध गरिएको छ। निर्माणाधिन परियोजनाहरूमध्ये दक्षिण सिक्किमको नन्दुगाउँमा हर्बल चिकित्सा तथा आध्यात्मिक उपचार पर्यटन परिसर, मङ्सारी (सोरेङ, पश्चिम सिक्किम)-मा मङ्गरजोङको विकास, दोदक, पश्चिम सिक्किममा वृन्दावनको परिकल्पनामा पर्या-पर्यटन परिसरको विकास तथा पूर्व सिक्किमको पाण्डाममा निशानी काली देवी रहेका छन्।

## सिक्किम हाउस, नवी मुम्बई

तपाईंहरूलाई यो जानकारी गराउँदा मलाई प्रशन्नता भइरहेछ कि महाराष्ट्र सरकारले नवी मुम्बईमा टाटा मेमोरियल अस्पताल नजिक सिक्किम हाउस निर्माणको हाम्रो प्रस्तावलाई स्वीकृति दिएको छ। यो अस्पताल देशका शीर्ष अस्पतालहरू मध्ये एक हो। ४००० वर्ग मीटर (लगभग एक ऐकर) भूमि आवन्टित गरिएको छ, जसका लागि ११ करोड़ ९७ लाख रूपियाँ भुक्तानी पश्चात अधिग्रिहित गरिएको छ। यसले चिकित्साको निम्ति मुम्बई जाने हाम्रा मानिसहरूमाथिको आर्थिक भार कम गर्नेछ र राज्यवासीलाई अन्य कुरामा पनि सहयोग मिल्नेछ।

## शिक्षा

## शिक्षा क्षेत्रको पुनर्निर्धारण

माननीय अध्यक्ष महोदय, यो ओजस्वी सदन यो जानकारी पाउँदा प्रफुल्लित बन्नेछ कि राज्यमा उच्च शिक्षालाई उर्जा प्रदान गर्न र रूपान्तरण गर्न हामीले पश्चिम सिक्किमको च्याखुङमा सुभाषचन्द्र बोस सेन्टर अफ एक्सिलेन्स स्थापना गर्ने निर्णय लिएका छौं। हामीले अघिबाटै एउटा ठूलो भूमि अधिग्रहित गरेर शिलान्यास गरिसकेका छौं। यहाँ अकादमिक तथा अन्य पूर्वाधार निर्माणका निम्ति ठूलो धनराशि छुट्याइसकेका छौं। यस नयाँ संस्थानको प्रमुख उद्देश्य र नियमन संरचनामाथि एउटा विस्तृत टिपोटसहित क्याम्पसको मस्यौदा खाका तयार पारिएको छ।

यसमा विश्वविद्यालय निर्माण अनि सञ्चालन तथा कार्यक्रम प्रबन्धनका लागि शीर्षस्थ पेशेवरहरू, अन्तरराष्ट्रिय रूपमा अनुभवी शिक्षाविद र मान्यता प्राप्त शिक्षा प्रशासकहरूलाई सामेल गराइनेछ।

**माननीय अध्यक्ष महोदय,**

म संक्षिप्तमा बताउन चाहन्छु कि सिक्किममा यस उत्कृष्टता केन्द्रको आवश्यकता र प्रासंगिकता किन उत्पन्न भएको छ। पूर्वी हिमाली क्षेत्र विश्वका केही वैश्विक जैव-विविधताहरूको प्रमुख स्थलमध्ये एउटा हो। यी स्थलहरू वैज्ञानिक अध्ययन र अन्वेषणदेखि

वञ्चित रहेका छन्। हामी शायदै ज्ञान र बुद्धिमत्ता, तक्नीकी नवोन्वेष र व्यवसायिक उद्यमको स्रोतको रूपमा यी अलौकिक संसाधनहरूको दोहन गर्न सक्नेछौं। यस प्रकार सिक्किममा उत्कृष्टता केन्द्रको स्थापना उपयुक्त सांस्कृतिक-पारिस्थितिकीय र भू-राजनीतिक उपक्षेत्रमा सबैभन्दा सामयिक उद्यमको रूपमा देखापर्छ।

समग्र क्षेत्रमा विभिन्न मानवशास्त्रीय लक्षण र सांस्कृतिक विशेषताहरूसितै सबै सामाजिक अनि जातीय विविधता भएका मानिसहरूको वर्चस्व रहेको छ। स्वदेशी चिकित्सा र सामुदायिक ज्ञानमाथि समृद्ध र अदभूत पारम्परिक ज्ञानलाई यदि वैज्ञानिक रूपमा उपयोग गरिएमा यसले वैश्विक वाणिज्यिक पहिचानमात्र नदिलाएर स्थिर उद्यम र संप्रषणको नयाँ दिशाहरू पनि अन्तःक्षेप गर्न सक्नेछ। यसै कारण, यस दिशामा उत्कृष्टता केन्द्रको भूमिका अति नै महत्त्वपूर्ण छ।

यस क्षेत्रमा सिल्क रुट र टि-हर्स रुटअन्तर्गत सबैभन्दा प्रसिद्ध तीर्थ र व्यापार मार्ग पनि छन् अनि यो भारत र चीनका दुई प्राचीन सभ्यताहरूको मिलन बिन्दुको केन्द्र बनेको छ। यसैले, सिक्किममा उत्कृष्टता केन्द्र स्थानीय मान्यता, राष्ट्रिय लक्ष्य र वैश्विक अभिविन्यासका साथ उच्च शिक्षाको एउटा उत्कृष्ट संस्थान हुनेछ।

यस केन्द्रले स्थानीय, राष्ट्रिय र वैश्विक छात्रहरूका निम्ति अति विशिष्ट, गैर-पारम्परिक र पेशेवर अनि अन्तःविषय कार्यक्रमहरू

पेश गर्नेछ। यसले युवाहरूको सबैभन्दा आन्तरिक प्रतिभालाई दोहन गर्नेछ र स्थानीय अनि वैश्विक संस्थानहरूलाई आपूर्ति गर्ने मानव संसाधनको सबैभन्दा समृद्ध समूह तयार गर्नेछ। उत्कृष्टता केन्द्र जलवायु परिवर्तन र पार्वतीय क्षेत्रहरूको अध्ययन अनि पर्यावरण पर्यटन, रेशम उत्पादन, बागवानी, पुष्प खेती र पशु विज्ञान जस्ता क्षेत्रहरूमा एउटा वैश्विक आकर्षण हुनेछ।

यसले चिया पर्यटन, प्राकृतिक विन्यास, नृवंशविज्ञान, जड़ीबुटीहरू र झारफूक, जैव विविधता, साहित्यिक-सांस्कृतिक परम्पराहरूसहित हिमालयको प्राकृतिक शक्तिहरूको अनुसन्धान र पुनर्स्थापनलाई बढ़ुवा गर्नेछ। यसले वैश्विक मानक कक्षा, शिक्षण विधि र अनुसन्धान प्रचारको अभ्यास गर्नेछ। प्रस्तावित उत्कृष्टता केन्द्रको सम्पूर्ण शासन ढाँचाको परिकल्पना तीनवटा व्यापक अनि प्रमुख श्रेणीहरू भौतिक अवसंरचना ढाँचा, प्रबन्धन ढाँचा र अकादमिक ढाँचाको सन्दर्भमा गरिएको छ।

हामी यस कठिन कार्यलाई पूरा गर्न यस ओजस्वी सदन र समग्रमा मानिसहरूको पूर्ण समर्थन अनि शुभकामनाहरूको आकांक्षा राख्दछौं, जहाँ हामी २०२३-मा छात्रहरूको संस्थापक समूहसितै पहिलो कार्यक्रम शुरू गर्ने इच्छा राख्दछौं।

## सिक्किम राज्य विश्वविद्यालय

यसबारे सदनका सम्मानित सदस्य र जनसाधारणलाई थाहा छ कि सिक्किममा २५ वर्षको लामो शासनको पछिल्लो केही वर्षमा एसडीएफ सरकारद्वारा भोट फकाउन शुरू गरिएका धेरै उपक्रम र परियोजनाहरूमध्ये सिक्किम राज्य विश्वविद्यालय एउटा थियो।

जुन लापरवाही र संकीर्णतासित यस विश्वविद्यालयको शुरुआत गरियो, त्यसले सम्पूर्ण राज्यवासी, विशेषगरी उच्च शिक्षाका इच्छुक मानिसहरूको भावनालाई आहत गर्‍यो। जब यस विश्वविद्यालयको शुरुआत भयो तब कुनै ठोस योजना तयार गरिएको थिएन, कुनै परियोजना दस्तावेज थिएन र कुनै बजेटीय प्रावधान गरिएको थिएन। यहाँसम्म कि भूमि र भवनहरू तथा अन्य आधारभूत सुविधाहरूको महत्वपूर्ण आवश्यकतालाई पनि नजरअन्दाज गरियो। तादोङको नर बहादुर भण्डारी डिग्री कलेजको एउटा कोठामा सम्पूर्ण विश्वविद्यालय अटाइँएको थियो। विश्वविद्यालयले उप कुलपति नियुक्त गर्‍यो जसले नेपाली भाषा सहित दुइवटा पाठ्यक्रम शुरू गरे।

## माननीय अध्यक्ष महोदय

जब हामीले मई २०१९ मा सिक्किमको शासन सत्ता सम्हाल्यौं तब विश्वविद्यालयको स्थिति देखेर हामी स्तब्ध भयौं। तथापि, सबै सिक्किमवासीहरूको लागि राज्यभित्र गुणवत्तापूर्ण उच्च शिक्षा प्रदान

गर्ने हाम्रो सरकारको नीतिलाई हेरेर हामीले तिमी-तार्कुमा तत्कालै इक्फाई (आईसीएफएआई)-को १८ ऐकर भूमि अधिग्रहित गऱ्यौं र सट्टामा आईसीएफएआई-लाई लिन्दोकमा अर्को जमीनको प्रस्ताव गऱ्यौं। अब हामी सिक्किम राज्य विश्वविद्यालयको लागि आधारभूत पूर्वाधार निर्माण गर्दैछौं। अन्य व्यवधानहरूलाई मध्यनजर गर्दै हामी शुरूवातमा यस विश्वविद्यालयमा भाषा र साहित्य पाठ्यक्रम शुरू गर्दैछौं। हामीसित नेपाली, भोटिया, लेप्चा, लिम्बू तथा अन्य भाषाहरू लगायत विदेशी भाषाहरू हुनेछन्, जुन २००९-२०१२ अवधि सिक्किम केन्द्रिय विश्वविद्यालयद्वारा पीएचडी स्तरसम्म अघिबाटै शुरू गरिएको छ। प्रत्येक महाविद्यालयमा २५ आसनसितै हामीले एनबी भण्डारी डिग्री कलेज, कामराङ कलेज, नाम्ची, गेजिङ कलेजमा केन्द्रिय विश्वविद्यालयको विस्तारित क्याम्पस कार्यक्रमअन्तर्गत विज्ञान, कला अनि वाणीज्य विषयहरूमा स्नातकोत्तर पाठ्यक्रम शुरू गरेका छौं।

## सिक्किम विश्वविद्यालय र राष्ट्रिय तक्नीकी संस्थान

सिक्किममा उच्च शिक्षाप्रति एसडीएफ सरकार लापरवाहीपूर्ण व्यवहार, गैरजिम्मेवारी र अनासक्तिको एउटा सुस्थापित उदाहरण थियो। सिक्किम केन्द्रिय विश्वविद्यालयद्वारा २००७-०८-मा १५ करोड़ रुपियाँको क्षतिपूर्ति दिए तापनि पूरा पाँच वर्षपछि २०१३-मा जमीन प्रदान गरिएको थियो। त्यस समयसम्म विश्वविद्यालयले निर्माण आदि कार्यका निम्ति भारी मात्रामा धनराशि दिइसकेको थियो। सीएजी-

द्वारा प्रस्तुत विभिन्न लेखापरीक्षा रिपोर्टहरूमा पनि क्षतिपूर्ति प्याकेजमा विसंगतिहरूको खुलासा गरिएको थियो।

यस्तै कहानी प्रतिष्ठित राष्ट्रिय प्रौद्योगिकी संस्थान (एनआईटी)-को छ, जसलाई राभाङलामा एउटा अस्थायी शिविरमा ११ वर्षसम्म राखियो अनि यसको कुनै स्थायी परिसर थिएन। छात्रहरूको विरोध अनि संकायहरूले छोड़ेर गएपछि सम्पूर्ण देशमै सिक्किम बदनाम भयो।

हाम्रो सरकारले सत्ता सम्हाल्नासाथै खामदोङमा हामीले एनआईटी-लाई १०० ऐकर जमीन प्रदान गऱ्यौं अनि अहिले संस्थान व्यापक स्तरमा अघि बढ्ने संघारमा छ।

म यो पनि उल्लेख गर्न चाहन्छु कि जुन परिवारहरूबाट पछिल्लो सरकारले विभिन्न उद्देश्यहरूका लागि भूमि अधिग्रहित गरेको थियो, उनीहरूलाई ठूलो संख्यामा वचन दिइएअनुसार क्षतिपूर्ति भुक्तानी गरिएको थिएन। विभिन्न विभागअन्तर्गत जमीनदाताहरूलाई रू. ८३ करोड़भन्दा अधिकको क्षतिपूर्ति भुक्तानी गरेर हामीले उनीहरूलाई कानूनी र आर्थिक रूपले सहज बनाएका छौं।

## गेजिङ सरकारी महाविद्यालयमा दोस्रो चरणको निर्माण

वर्ष २००९-मा गेजिङ सरकारी महाविद्यालयको शुरुवात कसरी भयो र १० वर्षसम्म यसलाई थाँतिमा राखियो, यो त्यतिकै विरक्त

लाग्दो थियो। यस महाविद्यालयका निम्ति कुनै योजना, कुनै परियोजना र कुनै बजेट थिएन। शुरुवातमै हाम्रो रेकर्डहरूबाट थाहा लाग्दछ कि सिक्किम केन्द्रिय विश्वविद्यालयले शैक्षणिक सम्बद्धताभन्दा अघि असहाय विद्यार्थीहरूलाई यी सबै आधारभूत सुविधाहरू उपलब्ध गराउने कुरामा जोड़ दिएको थियो। यद्यपि, सडीएफ सरकारले अज्ञानतावश महाविद्यालयलाई एउटा निजी विश्वविद्यालयसित आबद्ध गरिदियो। सरकारी महाविद्यालयलाई गैर कानूनी रूपमा एउटा निजी विश्वविद्यालयसित आबद्ध गरिएको यो आधुनिक भारतको शिक्षा इतिहासमा पहिलोपल्ट भएको थियो।

तथापि, सिक्किम केन्द्रिय विश्वविद्यालयले पछि गएर आबद्धता प्रदान गऱ्यो, तर महाविद्यालयको भौतिक आधारभूत संरचना विकासमा केही काम भएन। यहाँका विद्यार्थीहरूसित भेदभाव गरियो किनकि, नाम्ची, रिनाक र गान्तोकमा अन्य महाविद्यालयहरूका छात्रहरूसित कमसेकम आधारभूत संरचनासम्म त थियो।

हामीले सत्ता सम्हाल्नासाथै कोष छुट्यायौं र भवन निर्माण शुरू गऱ्यौं। हामीले दोस्रो चरणको पूर्वाधार निर्माण शुरू गरेको जान्नपाउँदा यो सम्मानित सदन प्रफूल्लित हुनेछ।

हामी सबै विद्यार्थीवर्ग, संकायका सदस्य, कर्मचारीगण र अभिभावकहरूसित धैर्यतापूर्वक बसिदिने आग्रह गर्दछौं, ताकि हामी

गेजिङ महाविद्यालयलाई सर्वोत्तम सम्भव आधारभूत संरचना प्रदान गर्न सकौं अनि शिक्षण तथा अन्य सुविधा प्रक्रिया प्रतिपादन गर्न सकौं।

महामारीसित सम्बन्धित लकडाउनले हाम्रा शिक्षण संस्थानहरूलाई गम्भीर रूपले प्रभावित बनाएको कुरा हामी सबै महसुस गर्छौं। एक वर्ष भइसक्यो, सिक्किमका अधिकांश शिक्षण संस्थानले सामान्य रूपमा कक्षा र अन्य कार्यक्रम आयोजन गर्न पाएका छैनन्। हाम्रो सरकारले अहिले शिक्षण र अध्ययनका लागि केही अनुकूल अनि वैकल्पिक भर्चुअल मोड तथा डिजिटल प्लेटफर्म प्रदान गरेको छ।

डिजिटल प्लेटफर्मको माध्यमद्वारा हामीले आधुनिक शिक्षण तक्नीकी प्रदान गर्न भर्चुअल शिक्षक प्रशिक्षण कार्यक्रम पनि शुरू गरेका छौं। विभागले शिक्षक समुदायबाट प्रशिक्षणका निम्ति ४००० भन्दा अधिक आवेदन प्राप्त गरेको छ, जुन हाम्रो घोषणाको छोटो अवधिमा देखापरेको सकारात्मक संकेत हो। यस प्रशिक्षणले उनीहरूलाई आफ्नो क्षमता बढ़ाउन सहयोग गर्नेछ र उनीहरूलाई पेशागत रूपले अधिक क्षमतावान बनाउनेछ।

## क्षात्रवृत्ति अनि अध्येतावृत्ति

देश बाहिरका विश्वविद्यालयहरूमा स्नातकोत्तर र पीएचडी कार्यक्रमका लागि अघिबाटै लागू नरबहादुर भण्डारी अध्येतावृत्ति

बाहेक, हामी उच्च शिक्षाका लागि योग्यता आधारित छात्रवृत्तिलाई बढ़ुवा दिन अझ छात्रवृत्ति विस्तार गरिरहेछौं।

हामीले सिक्किमभित्र अनि बाहिरका प्रतिष्ठित विद्यालय तथा महाविद्यालयहरू दुवैमा अध्ययनका लागि ५५-जना विद्यार्थी (जङ्गु समष्टिबाट पाँचजना)-का निम्ति मुख्यमन्त्री छात्रवृत्तिलाई बढ़ाउने निर्णय गरेका छौं। पछिल्लो सरकारले यी सुविधा केवल १२औं श्रेणीसम्मका लागि प्रदान गरेको थियो, तर हामीले यसलाई महाविद्यालय स्तरसम्म विस्तार गर्ने निर्णय गरेका छौं। महाविद्यालयसम्म यी छात्रवृत्ति सुविधाहरू विस्तार गर्नाले हाम्रा युवा विद्यार्थीहरूलाई भारत तथा देश बाहिरका अन्य नामी विश्वविद्यालयहरूमा विभिन्न विषयमा प्रतिस्पर्धात्मक उच्च शिक्षा हासिल गर्नमा प्रोत्साहित गर्नेछ।

## निजी विश्वविद्यालयहरूलाई अधिक अवसर

शैक्षणिक संस्थानहरूले गुणस्तरीय शिक्षामात्र प्रदान गर्दैनन् तर यी विचार, तक्नीकी, ज्ञान, नवोन्वेष, राजस्व, रोजगार, पर्यटन तथा पहिचानहरूको प्रमुख स्रोत बन्छन्। सिक्किममा शिक्षा र अनुसन्धानका निम्ति देशभरि अनि देश बाहिरबाट विद्यार्थीहरू आउनेछन्। यसले पर्यटनलाई बढुवा गर्न सहयोग गर्नेछ र सिक्किमलाई एउटा पर्यटन गन्तव्य बनाउनेछ, जसका निम्ति सिक्किम राज्य बाहिरका मानिसहरूमाझ परिचित हुनेछ। ठिक यस्तै नजिकैको दार्जीलिङमा

भएको थियो, जहाँ शैक्षणिक संस्थान र चिया उद्योगले अत्याधिक वैश्विक पहिचान प्राप्त गरेको थियो।

यस कुरालाई ध्यानमा राखेर हामी केही प्रमुख संस्थानहरूलाई उनीहरूको शैक्षिक संस्थान सिक्किममा शुरू गर्ने अनुमति दिँदैछौं। हामी अन्य जिल्लाहरूमा पनि निम्न निजी विश्वविद्यालयहरू शुरू गर्ने प्रक्रियामा छौः

१) सिक्किम अन्तरराष्ट्रिय विश्वविद्यालय, श्रीबदाम (पश्चिम सिक्किम)

२) सिक्किम मेधावी कौशल विश्वविद्यालय, बर्मेक (पश्चिम सिक्किम)

३) सिक्किम अल्पाइन विश्वविद्यालय, कामराङ (दक्षिण सिक्किम)

हामीसित अघिबाटै सिक्किम प्रोफेसनल युनिभर्सिटी, एसआरएम विश्वविद्यालय, आईसीएफएआई विश्वविद्यालय तथा मनिपाल विश्वविद्यालय जस्ता चार अन्य निजी विश्वविद्यालयहरू छन्। सिक्किममा निजी विश्वविद्यालयहरूको गतिविधिको निगरानी र नियमन सिक्किम उच्च शिक्षा आयोग (एसएचईसी)-ले गर्नेछ।

## सिक्किम उच्च शिक्षा आयोग (एसएचईसी)

सिक्किम सरकारले विशेषगरी नयाँ शिक्षा निती २०२१-को विभिन्न लक्ष्यहरू कार्यान्वित गर्न सिक्किम उच्च शिक्षा आयोग

(एसएचईसी) स्थापित गरेको हो। राज्यका मुख्यमन्त्रीको मातहतमा रहेको यस आयोगमा सदस्यका रूपमा प्रख्यात शिक्षाविदहरू रहनेछन्।

नयाँ शिक्षा नीति एउटा व्यापक दस्तावेज हो, जुन सबै स्तरको शिक्षा, शिक्षकको गुणस्तरीयता र प्रशिक्षण, अध्ययनको तरिका, प्रसिद्धि र मुल्याङ्कन प्रणाली, अनुसन्धान र नवाचार, नीजि तथा सार्वजनिक संस्थानहरू अनि संसाधन र वित्तपोषणसित सम्बन्धित छ।

यस प्रकारको आयोग गठन गरिएको यो प्रथमपल्ट हो, जसले पहिलोपल्ट सिक्किम राज्यको शिक्षा नीतिको खाका तयार गर्नेछ।

हामी सिक्किमका विद्यालयहरूमा ड्रपआउटको दरलाई स्वीकार गर्दछौं, जसलाई पछिल्लो २५ वर्षे सरकारले कहिले पनि सम्बोधित गरेन। हामीले यस मुद्दामाथि विचार-विमर्श गर्दा यसपछिको प्राथमिक कारण गाउँ र विद्यालयबीचको लामो दुरी रहेको पायौं।

हामी हाम्रा विद्यार्थीहरूलाई प्रोत्साहित गर्न सबै चारवटा जिल्लामा एक-एकवटा मोडल विद्यालय निर्माण गर्नेछौं अनि पुराना विद्यालयहरूको स्थानमा माध्यमिक स्तरसम्म प्राथमिक, कनिष्ट माध्यमिक विद्यालयसहित १०० अन्य विद्यालयहरूमा नयाँ पूर्वाधार तयार गर्ने लक्ष्य राखेका छौं। यी विद्यालयहरूमा असल पूर्वाधार, डिजिटल कक्षा सुविधा र प्रयोगशालाहरू हुनेछन्। हामी आवश्यक भएका स्थानमा प्रेक्षागृह निर्माण गर्ने योजना बनाउँदैछौं।

## खेलमैदानहरू

धेरै वर्षदेखि अधुरो रहेका धेरै स्टेडियम र ठूला खेल मैदानहरूको निर्माण कार्य अहिले आएर पूरा भइरहेछ। उदाहरणका लागि नाम्चीको बहुचर्चित भाईचुङ स्टेडियमलाई लिन सकिन्छ, जुन विगत ९ वर्षदेखि जीर्ण-शीर्ण स्थितिमा थियो। हामीले यसलाई पूर्ण आकार दियौं र चाँडै यसलाई सिक्किमका खेलप्रेमी मानिसहरूलाई समर्पित गर्नेछौं।

हाम्रो सरकारले सिक्किम भरिका धेरै विद्यालयहरूमा खेलमैदानको विकास गरिरहेछ। यीमध्ये प्रायजसो धेरै वर्षसम्म उपेक्षित अवस्थामा रहे अनि हाम्रा विद्यार्थी नानीहरूलाई उनीहरूको शुरूवाती दिनहरूमा खेलकुदको आधारभूत अधिकार र सुविधाबाट वञ्चित गरियो।

## कृषि

## कृषि तथा सम्बद्ध गतिविधिहरू

कृषि तथा सम्बद्ध गतिविधिहरूका विभिन्न पक्षहरूमा पारम्परिक हस्तक्षेपहरू बाहेक हाम्रो सरकार आफ्ना प्रत्येक प्रमुख कृषि उत्पादमा मूल्य र आपूर्ति श्रृङ्खलालाई धेरै उत्सुकतासित बढ़ुवा दिइरहेछौं साथै स्थापित गरिरहेछौं।

हामीले अघिबाटै डेयरी किसानहरूलाई प्रोत्साहन राशि दिएका छौं र राज्यमा दूध उत्पादनमा उत्तरोत्तर वृद्धि देखेका छौं। अब

हामीले पशु स्वास्थ्य, पशु समूह संयोजन, आहार, कृत्रिम गर्भाधानमा तक्नीकी सुधार, भ्रूण स्थानान्तरण र संकरण अनि खुर तथा मुख रोग प्रतिरोधक टीकाकरणको पनि पहल गर्नुपर्नेछ। हामीले प्रत्येक दुधालु पशुको स्वास्थ्यमाथि तक्नीकी रूपमा निगरानी गर्नुपर्ने हुन्छ र अब दूधको विपणन र दूध आधारित उत्पादहरूका अधिक विविध प्रकारका उत्पादनको लागि असल साधन तयार गरिरहेछौं।

**माननीय अध्यक्ष महोदय,**

किसानहरूलाई गैर-कृषि गतिविधिहरूद्वारा उच्च आय प्रदान गर्नका निम्ति हामीले केही नवीन शुरूवात गरेका छौं। उदाहरणका निम्ति, सुँगुर पालन र यसका उत्पादको एउटा ठूलो घरेलु अनि राष्ट्रिय बजार भएकोले हामीले हाम्रा युवा किसानहरूलाई सुँगुर पालनको उन्नत पद्धती अपनाउन प्रोत्साहित गरिरहेका छौं।

कम्तिमा तीनवटा सुँगुर भएका कुनै पनि किसानले सुँगुरको कुल ओजन ५० किलोग्राम पुगेपछि प्रत्येक सुँगुरको लागि रू. ५०००-को प्रोत्साहन राशि प्राप्त गर्न सक्नेछ। हामी राज्यमा सुँगुर पालकहरूबाट केही उत्साहजनक परिणाम पाइरहेका छौं। सुँगुरको ओजन ५० किलो पुगेपछि प्रत्येक सुँगुरको निम्ति रू. ५००-को बीमा प्रदान गरिनेछ। यस्तै प्रकारको प्रोत्साहन माछा, हर्दी, अम्लिसो, ठूलो अलैंची, सुन्तला र फापर किसानहरूलाई प्रदान गरिँदैछ। कुनै धरौटी बिना रू. ३ लाखको कृषि ऋण पनि उपलब्ध गरिँदैछ।

## मूल्य श्रृङ्खला संयोजन

भारत-आसियान मुक्त व्यापार, सार्क मुक्त व्यापार र बिमस्टेक बजार आधारित तथा अन्य द्विपक्षीय र क्षेत्रीय सम्झौताका लाभहरूलाई पूर्ण रूपमा दोहन गर्नलाई सिक्किमले जैविक खेती, पर्यटन, बागवानी, पुष्प खेती, खनिज र वन संसाधन, चिया, बाँस र फार्मास्युटिकलमा सीमा पार मूल्य श्रृङ्खलामा एउटा प्रमुख भागीदार बन्ने प्रयास गर्नेछ्। यसले एक्ट ईस्ट पलिसीमा व्यापार र निवेश सहयोगका लागि एउटा नयाँ आयाम जोड्नेछ र व्यापार प्राथमिकताहरू उत्प्रेरक सहयोग बन्नेछन्।

एक पूर्ण जैविक मूल्य श्रृङ्खला प्रणाली स्थापित गर्नमा यस साझेदारीलाई शुरू गर्ने उद्देश्य लिएर राज्य सरकारले मेसर्स इफ्को (भारतीय किसान उर्वरक सहकारी)-सित सिक्किम इफ्को अर्गेनिक्स लिमिटेड (एसआईओएल)-को एउटा संयुक्त उद्यम कम्पनी व्यवस्थामा प्रवेश गरेको छ्। यसको परिणाम अधिक वैज्ञानिक अभ्यासको आधारमा नयाँ उच्च-मूल्य भएका उत्पादहरू र कटाइ उपरान्त प्रबन्धनको एउटा श्रृङ्खला हुने सम्भावना छ। यसले भारतभित्र र बाहिर सिक्किमका कृषि उत्पादहरूको बजारसम्म पहुँच पनि विस्तार हुनेछ।

यस संयुक्त उद्यम परियोजनाको समान रूपले महत्त्वपूर्ण परिणाम जैव-उर्वरक, जैव-कीटनाशक, चुना आधारित समुद्री शैवाल कणिका,

निर्जलित सब्जी एकाई, जैविक मह प्रसंस्करण र प्याकेजिङ एकाई आदिको निर्माणमा देखिनेछ। रम्फूमा फापर, अदुवा, हर्दी अनि ठूलो अलैंचीका लागि एकीकृत प्रसंस्करण सुविधा स्थापित गरिँदैछ।

## आईटी/उद्योग

अब हामी पश्चिम बङ्गाल सर्कलबाट अलग सिक्किमका निम्ति एउटा छुट्टै दूरसञ्चार कार्यालय र अधिकारीहरू प्राप्त गर्न सक्षम बनेका छौं। केन्द्रिय सञ्चार मन्त्रीले चाँड़ै इन्टरनेट कनेक्टिभिटीको आश्वासन दिनुभएको छ।

हामीले केन्द्र सरकारसित चालू १० एमबीपीएस इन्टरनेट ब्यान्डविड्थलाई बढ़ाएर कम्तिमा १ जीबीपीएस गर्ने र इलेक्ट्रोनिक्स अनि आईटी मन्त्रालयद्वारा वर्ष २०१६-मा तयार गरिएको 'डिजिटल नर्थ ईस्ट भिजन २०२२'-द्वारा पहिचान गरिएका सबै आठ डिजिटल दबाउ क्षेत्रलाई पनि तिव्रतासित लागू गर्ने अनुरोध गरेका छौं। यिनमा डिजिटल-इन्फ्रास्ट्रक्चर, सेवा, इलेक्ट्रोनिक विनिर्माण, आईटी/आईटीईएस, बीपीओ उद्योग, ई-भुक्तानी र स्टार्टअप शामेल छन्। यसलाई मध्यनजर गरेर सबै बीएसी र ग्राम प्रशासनिक केन्द्रहरूमा आईटी सुविधाहरूको विस्तार गरिँदैछ।

हामीले कक्ष ८-देखि ११-सम्मका विद्यार्थीहरूलाई ई-विद्या कार्यक्रमअन्तर्गत राज्य सरकारको कोषबाट स्मार्ट टिभी उपलब्ध गराएका छौं।

पूर्वोत्तर वित्तीय विकास निगम (एनईडीएफआई)-ले भर्खरै साउथ ईस्ट एशिया (कम्बोडिया, लाओस म्यानमार, भियतनाम र थाईल्याण्ड)-देखि नर्थ-ईस्ट इण्डिया: ए सीड प्रोजेक्ट अप्रोच-मा निवेशकहरूलाई ल्याउनका लागि रणनीतिक मार्गचित्र-माथि एउटा अध्ययन प्रसारित गऱ्यो।

हाम्रो राज्यका मानद मुख्य आर्थिक सल्लाहकारको नेतृत्त्वमा पेशेवरहरूको एउटा टोलीद्वारा गरिएको अध्ययनले १५ महत्त्वपूर्ण बीज परियोजनाहरूको पहिचान गरिएको छ, जसले यी देशका निवेशकहरूलाई पूर्वोत्तर क्षेत्रमा आकर्षित गर्न सक्नेछन्।

यी १५ बीज परियोजनाहरूमध्ये, अदुवा, सुँगुर पालन, बौद्ध परिपथ पर्यटन, जातीय फेसन डिजाइन, पारम्परिक औषधीय तथा आरोग्य पर्यटन र खाद्य प्रसंस्करण जस्ता कम्तिमा ८ परियोजना अत्याधिक क्षमतावान छन्।

यी सबै परियोजनाहरूलाई भारतको एक्ट ईस्ट पोलिसीअन्तर्गत दक्षिण-पूर्व एशियाई देशहरूको अर्थव्यवस्थाका साथ पूर्वोत्तर क्षेत्रको अर्थव्यवस्थालाई एकीकृत गर्न रेखाङ्कित गरेको छ अनि हामी यी निवेशकहरूलाई आकर्षित गर्न इच्छुक छौं। यो पनि खुशीको कुरा हो कि भारत सरकारले सूचना तथा प्रौद्योगिकीका लागि एउटा विशेष आर्थिक क्षेत्रको रूपमा पूर्व सिक्किमको नाम्लीलाई अघिबाट मञ्जुरी दिएको छ।

उपयुक्त औद्योगीकरण प्रक्रियालाई महत्त्वपूर्ण विन्दु प्रदान गर्न हामी निम्नलिखित उपाय गर्ने योजना बनाइरहेछौं:

१) सिक्किमको एउटा नयाँ अनि व्यापक औद्योगिक नीति तयार गरौं, जसले वर्ष २००३-को हाम्रो पुरानो औद्योगिक नीतिको स्थान लिनेछ। यो नीति पुरानो भइसकेको छ अनि राज्यको उद्यमशीलता, विकासको आवश्यकता र बाहिर देखिने वर्तमान स्थितिसित मेल खाँदैन। म घोषणा गर्छु, नयाँ औद्योगिक नीतिको प्रारूप तयारीको कार्य गर्ने जिम्मेवारी वाणिज्य र उद्योग विभागका सचिवद्वारा लिइनेछ अनि आगामी नौं महिनाभित्र यस नयाँ नीतिको रूपरेखा पेश गरिनेछ।

**माननीय अध्यक्ष महोदय,**

२) मलाई यो उल्लेख गर्दा दुःख लागिरहेछ कि व्यवसाय सहजता सूचकाङ्कमा उद्योग र आन्तरिक व्यापार संवर्धन विभाग (डीपीआईआईटी), वाणिज्य र उद्योग मन्त्रालय, २०२०-द्वारा मानिएको अनि प्रकाशित गरिएको ३४ राज्य तथा केन्द्र शासित प्रदेशहरूमध्ये सिक्किम २९औं स्थानमा रहेको छ। यो धेरै कम हो। यस्तो लाग्छ कि हाम्रो सरकार सत्तामा आउनअघि पछिल्ला २५ वर्षमा यस तालिकामा सुधारको कुनै प्रयास गरिएको थिएन।

हामी राज्यमा व्यापार अनि निवेशलाई सुविधाजनक बनाउन विभिन्न सिद्धांत र सक्षम उपायहरूलाई पालन गर्दै यस तालिकामा सुधार गर्न दृढ़ छौं। यसकारण, म सिक्किम सरकारका माननीय मुख्य आर्थिक सल्लाहकार र सदस्यहरूको रूपमा अन्य पेशेवरहरूको नेतृत्वमा व्यवसाय सहजता (ईज अफ डुइङ बिजिनेस) समिति गठन गर्ने घोषणा गर्दछु। यस समितिको आयोजन वाणिज्य तथा उद्योग विभाग, सिक्किम सरकारद्वारा गरिनेछ।

## राजनीतिक, सामाजिक र धार्मिक आकांक्षाहरू

१) सिक्किम विधानसभामा लिम्बू र तामाङ समुदायको निम्ति सीट आरक्षण प्राप्त गर्ने प्रतिबद्धतालाई ध्यानमा राख्दै हामी निरन्तर केन्द्र सरकारको सम्पर्कमा छौं। हाम्रो सरकार बनेपछि यस मागमाथि विचार गर्न म स्वयंले व्यक्तिगत रूपमा सम्माननीय प्रधानमन्त्री, केन्द्रिय गृह मन्त्री र अन्य राष्ट्रिय नेताहरूसित पनि भेट गरिसकेको छु र केन्द्र सरकारले यसलाई सकारात्मक रूपमा लिएको छ। हाम्रा लोकसभा सदस्य श्री इन्द्रहाङ सुब्बाले घरी-घरी लोकसभामा यस मुद्दालाई उठाउनु भएको छ।

लिम्बू-तामाङ समुदायलाई २००३-मा जनजाति अधिसूचित गरिएको थियो, तर पछिल्लो सरकारले १६ वर्षभन्दा अधिक समयसम्म यस मुद्दालाई ठण्डा बस्तामा हालिदियो। यदि पछिल्लो सरकारले

चाहेको भए यो माग वर्ष २००६-मै हासिल गर्न सक्थ्यो, तर उनीहरूले यस मागलाई आवश्यक वा महत्त्वपूर्ण ठानेनन्। पूर्व सरकारले एलटी सीटको आरक्षणलाई केवल चुनावी मुद्दाको रूपमा प्रयोग गर्‍यो तर कहिले यसलाई गम्भीरतापूर्वक लिएन।

**माननीय अध्यक्ष महोदय,**

२) हामी सिक्किमका छुटेका १२ समुदायलाई जनजातिको दर्जा दिलाउन दृढ़ निश्चयी छौं। हामीले भारत सरकारका सम्बधित शीर्ष संस्थानहरूलाई धेरै प्रतिवेदन चढ़ाइसकेका छौं, जहाँबाट हामीलाई यसको समावेशनका लागि दृढ़तासित आश्वासन दिइएको छ। पछिल्लो सरकार सबै छुटेका समुदायहरूलाई जनजातिको दर्जा दिने मागमाथि गम्भीर थिएन। किनभने विधानसभा समक्ष कुनै सरकारी प्रस्ताव ल्याइएको थिएन। तथापि, हामी यस मुद्दाको समाधानका लागि ईमानदार छौं। हामीले राज्य मन्त्रीमण्डलमा यो माग पेश गर्नका साथै १२ जनवरी, २०२१-को दिन सम्पूर्ण सदनबाट व्यापक रूपमा एउटा सरकारी प्रस्ताव सर्वसम्मतिद्वारा पारित गर्‍यौं।

यो प्रस्ताव मैले व्यक्तिगत रूपमा केन्द्रिय गृह मन्त्री तथा केन्द्र सरकारका अन्य शीर्षस्थ व्यक्तिहरू समक्ष प्रस्तुत गरेको थिएँ। विधानसभाबाट उचित समयमा यो प्रस्ताव पारित गर्नाले हाम्रो मुद्दा

मजबुत अनि विश्वस्नीय बनेको छ। अब यी १२ छुटेका समुदायलाई केन्द्र सरकारले जनजातिको मान्यता उचित समयमा दिनेछ।

३) हाम्रो दृढ़ राजनीतिक प्रयास तथा सामाजिक-सांस्कृतिक मागहरूमध्ये एउटा माग १७औं कर्मापा उगेन ट्रिनले दोर्जीलाई स्थायी रूपमा सिक्किम ल्याउने हो र यसका निम्ति हामीले केन्द्र सरकारका शीर्षस्थ अधिकारीहरूसित धेरैपल्ट बातचित गरिसकेका छौं। हामीलाई आश्वासन दिइएको छ कि जहिले १७औं कर्मापा भारत फर्किआउनेछन्, सिक्किममा उनको आगमनको मार्ग सुगम हुनेछ्। सिक्किमवासीका लागि यो खुशी अनि संधैका निम्ति सन्तोषको क्षण हुनेछ, जब उनी आउनेछन्। हामी हाम्रा सबै प्रार्थना र आशाका साथ त्यस ऐतिहासिक क्षणको प्रतीक्षा गरिरहेका छौं।

पूर्व सरकारले केन्द्र सरकारलाई नकारात्मक रिपोर्ट नपठाएको भए परम पावन १७औं कर्मापा उगेन ट्रिन्ले दोर्जी हामीसित हुनेथिए। जब हामी विपक्षमा थियौं, त्यस समयमा पनि हामीले निरन्तर यस मुद्दालाई उठायौं र भाजपा नेतृत्वको एनडीए सरकार सत्तामा आएपछि पनि हामी यस मुद्दामा निरन्तर भारत सरकारको सम्पर्कमा छौं। म स्वयंले व्यक्तिगत रूपमा केन्द्र सरकारलाई धेरैपल्ट ज्ञापन बुझाएको छु।

## वित्त

## भारतमा उच्चतम प्रतिव्यक्ति आय र गरीबी- असमान अध्ययन

भारत सरकारको वित्त मन्त्रालयद्वारा प्रकाशित नवीनतम भारतीय आर्थिक सर्वेक्षण (२०२०-२१)-बाट थाहा लागेको छ कि सिक्किमको प्रति व्यक्ति आय २०१९-२०२०-मा वर्तमान मूल्यमा ४.२५ लाख रुपियाँसम्म पुगेको छ। यो राष्ट्रिय औसत प्रति व्यक्ति आय १.३४ लाख रुपियाँको तुलनामा तीन गुना अधिक हो। वर्ष २०१७-२०१८-मा सिक्किमको प्रति व्यक्ति आय रू. ३.४९ लाख थियो। आज हामीसित देशमा प्रति व्यक्ति आय सबैभन्दा अधिक छ। यो हाम्रो सरकारको एउटा ठूलो उपलब्धी हो।

जब हामी आफ्नो सरकारको यस उपलब्धीको खुशी मनाइरहेछौं, तब हामी जान्दछौं कि यो एउटा समग्र वृहत तस्वीर हो। यो उच्च प्रति व्यक्ति आय तबमात्र सार्थक हुनसक्छ, जब यस आयलाई सिक्किमका सबै वर्गबीच समान रूपमा वितरित गरिनेछ।

विगत एक दशकमा अवैध रूपले आर्जन गरिएको धनको स्पष्ट प्रदर्शन भएको छ, जबकि सबैभन्दा गरीब सिक्किमेहरूलाई आफ्नो आधारभूत आवश्यकताहरू पूरा गर्नका निम्ति धेरै संघर्ष गर्नुपरेको छ। हामी यसलाई चारै जिल्लाबीच भौगोलिक असन्तुलनको सन्दर्भमा पनि पाउँदछौं। हामीले विभिन्न साधनमार्फत यस गरीबी-असमानता-पक्षपातपूर्ण मुद्दालाई सम्बोधन र समाधान गर्नुपर्ने हुन्छ।

**माननीय अध्यक्ष महोदय,**

यसैकारण, हामी भारतमा कुनै प्रतिष्ठित संस्थानद्वारा विकास आधारित समृद्धि र असमानता तथा असन्तुलनमाथि गहन अध्ययन गर्न चाहन्छौं। यसले हामीलाई गरीबी र असमानताको प्रकृति अनि सीमालाई बुझ्ने, गरीब परिवारहरूको अवस्थिति र दिशालाई पहिचान गर्ने र गरीबहरूको स्थितिमा भारी सुधारका उपायहरू शुरू गर्ने अनि असमानताको अन्तरलाई पूरा गर्ने दुई प्रमुख मामिलाहरूमा सहयोग गर्नेछ। म अभिलेखित गर्छु कि सिक्किमको २००१-को पहिलो मानव विकास प्रतिवेदनलाई छोड़ेर गरीबी अनि असमानताको प्रकृतिलाई बुझ्न र अध्ययन गर्नका लागि कुनै सचेत प्रयास गरिएको छैन। यही समयमा हामी ती सबै योग्य परिवारहरूलाई राहतका लागि लक्षित गरिरहेछौं, जो वर्षौंदेखि यसको पर्खाइमा छन्।

म यो पनि उल्लेख गर्न चाहन्छु कि मैले १ मार्च, २०२१-मा धुप्पी डाँड़ाको दौड़ाहा गरेको थिएँ, जसलाई लब्दाङ-कर्जी क्षेत्रमा सिक्किमको सबैभन्दा दुर्गम स्थान मानिन्छ। हामी पोखरीमा तम्बु गाड़ेर बस्यौं अनि धुप्पी डाँड़ामा पर्यटनलाई बढ़ुवा गर्ने दिशामा विभिन्न विकास कार्यहरूको शुरुवात गऱ्यौं। पूर्व मुख्यमन्त्री स्व. एनबी भण्डारीले वर्ष १९८८-मा हेलीकप्टरबाट यस स्थानको भ्रमण गर्नुभएको थियो। हाम्रो यात्रा ३३ वर्षको अन्तरालपछि भयो र स्थानीयवासीले बढ़ो उत्साहका साथ हाम्रो स्वागत गर्दै हामीसित

भलाकुसारी गरे। म सम्पूर्ण सिक्किमवासीलाई आश्वस्त गर्दछु कि अतीतको जनता सरकारकहाँ आउनुपर्ने व्यवस्था विपरीत हाम्रो नीति मानिसहरूसम्म पुग्ने हो। हामी तपाईंको घरमै आएर तपाईंसित भेट्नेछौं अनि चाँड़ै हामी जनताको घर-दैलोमा शासनलाई पुऱ्याउनेछौं, जहाँ सबै आधारभूत सुविधाहरू अनलाइन प्रदान गरिनेछ र आवश्यक दस्तावेज सम्बन्धित घरसम्म पुऱ्याउनेछौं।

## युवा पेशेवर कार्यक्रम

नयाँ अनि युवा डाक्टरेट डिग्री धारक, प्रबन्धन, प्रौद्योगिकी विशेषज्ञहरूलाई प्रशिक्षित गर्न र क्षमता निर्माणका लागि हामीले अहिले एउटा युवा पेशेवर कार्यक्रम (वाईपीपी) शुरू गरेका छौं। यी युवा पेशेवर मुख्यमन्त्री कार्यालयको सम्पर्कमा रहनेछन् अनि सीमित अवधिका लागि विभिन्न महत्त्वपूर्ण मुद्दाहरूमाथि काम गर्नेछन्।

हामी २०२१-मा हाम्रा माननीय मुख्य आर्थिक सलाहकारको प्रमुख लेखकत्वअन्तर्गत नीति आयोगद्वारा निर्मित पूर्वोत्तर क्षेत्र भिजन २०३५-मा निहित सिफारिश र रणनीतिहरूलाई लागू गर्न उत्सुक छौं।

सोही प्रकारले संयुक्त राष्ट्रसितको सहकार्यमा नीति आयोग, भारत सरकारले हालैमा तयार गरेको टिकाउ विकास लक्ष्य (एसडीजी) सूचकाङ्कमा सिक्किमले राष्ट्रिय स्तरमा चौथो अनि पूर्वोत्तर राज्यहरूमाझ पहिलो स्थान हासिल गरेको छ। यो माननीय मन्त्रीगण, विधायकगण,

सम्पूर्ण सरकारी अधिकारीगण र सिक्किमवासीको योगदानका कारण सम्भव भएको हो। म पुनः एकपल्ट उहाँहरूलाई यस उपलब्धीका निम्ति बधाई दिन्छु र सोही भावनाका साथ यसलाई जारी राख्न प्रोत्साहित गर्दछु।

## विदेशी कर्मचारी प्रशिक्षण तथा नियुक्ती संस्थान

सिक्किमे युवाहरूका निम्ति विदेशमा रोजगारका पर्याप्त अवसर प्रदान गर्न हामी भारतमा विभिन्न विदेशी दूतावास र अन्य अन्तरराष्ट्रिय रोजगार भर्ना एजेन्सिहरूको सहयोगमा विदेशी कर्मचारी प्रशिक्षण अनि भर्ना संस्थान स्थापित गर्नेछौं। यी युवाहरूलाई विभिन्न व्यावसायिक क्षेत्रहरूमा प्रशिक्षित गरिनेछ। हामीले सिक्किममा एउटा विदेशी कर्मचारी भर्ना संस्थान स्थापित गर्ने घोषणा गऱ्यौं, जसको प्रबन्धन पेशेवर, कानूनी, वित्तीय र विदेशी रोजगार विशेषज्ञहरूद्वारा गरिनेछ। हाम्रो सरकारले केन्द्रको राष्ट्रिय कौशल विकास निगमअन्तर्गत तक्नीकी प्रशिक्षु प्रशिक्षण कार्यक्रम (टीआईटीपी)-लाई भारत-जापान व्यवस्थाको माध्यमबाट विभिन्न प्रशिक्षण कार्यक्रमको उपयोग गर्नेछ।

## मीडिया कर्मीहरूको कौशलता विकास

आधुनिक सिक्किम निर्माणमा मीडियाले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेछ। सामाजिक तथा अन्य इलेक्ट्रोनिक मीडिया जस्ता गैर-पारम्परिक मीडिया उपकरणद्वारा ल्याइएका गम्भीर परिवर्तनका

बावजूद, सिक्किमका मीडियाकर्मी र संस्थानहरूले चुनौतीहरूको दृढ़तापूर्व सामना गरेका छन्।

हाम्रो सरकार राज्यका मीडियालाई अधिक जीवन्त, नवोन्मेषी र प्रतिस्पर्धी बनाउन चाहन्छ। हामीले अघिबाटै प्रेस क्लब अफ सिक्किमलाई गान्तोकमा एउटा कार्यालय भवन प्रदान गरेका छौं। हामीले सिक्किममा कोभिड १९ महामारीको प्रबन्धनमा डाक्टर, नर्स, सफाईकर्मी, सुरक्षाकर्मी र अन्य चिकित्सा कर्मचारीहरूसितै मीडियाकर्मीहरूलाई पनि अग्रिम पंक्तिका योद्धा घोषित गरिसकेका छौं। सबै मीडियाकर्मी अब प्राथमिकताको आधारमा टीकाकरणसहित अग्रिम पंक्तिका योद्धाहरूलाई उपलब्ध/विस्तारित सुविधाका हकदार छन्।

राज्यका मीडियाकर्मीहरूलाई देशभरि र वैश्विक स्तरमा भइरहेको सबै कुराको अवलोकन गर्नमा सक्षम बनाउनका निम्ति हामीले मीडिया अध्येतावृत्ति स्थापित गर्ने निर्णय लिएका छौं। यी अध्येतावृत्तिअन्तर्गत सिक्किममा मीडियाकर्मीहरूलाई अवसर प्राप्त हुनेछ, जसले उनीहरूलाई थप कौशलता प्रदान गर्नेछ भने विभिन्न विकास योजना र परियोजनाहरूको तुलनात्मक रूपमा अधिक निष्पक्ष र वैज्ञानिक रूपले मूल्याङ्कन गर्नमा सहयोग पुऱ्याउनेछ। यसले प्रतिस्पर्धी व्यावसायिकताको उनीहरूको भावनालाई पनि थप पोषित गर्नेछ। यो मीडिया अध्येतावृत्तिले प्रत्येक चयनित मीडियाकर्मीलाई देश र बाहिर उच्च प्रभावी कुनै पनि ठूलो विकास परियोजनाको भ्रमण,

त्यसको मूल्याङ्कन गर्ने, स्थलगत रूपमा प्रतिवेदन श्रृङ्खला तयार गर्ने र सिक्किम सरकारलाई पूर्ण अन्तिम प्रतिवेदन प्रस्तुत गर्ने अधिकार दिनेछ। यस प्रतिवेदनमा सिक्किम र सिक्किमवासीका निम्ति यस प्रकारका परियोजनाहरू कसरी उपयोगी हुनसक्छन् भन्नेबारे सुझाव र टिप्पणीहरू पनि समावेश गरिनेछन्।

अध्येतावृत्ति राशि: रू. १ लाख प्रतिवर्ष
विभिन्न अध्येतावृत्ति: १० प्रति वित्त वर्ष
योग्यता: सिक्किमका सबै मान्यताप्राप्त पत्रकार/मीडियाकर्मी
प्रस्ताव: कुनै पनि ठोस परियोजना आधारित विस्तृत प्रस्ताव

## एससी/एसटी/ओबीसी/दिव्याङ्गजन कोष

अनुसूचित जाति र अनुसूचित जनजाति समुदाय, अन्य पछौटे वर्ग र दिव्याङ्गजनका लागि भारत सरकार तथा राज्य सरकारको कल्याण, विकास, पेशेवर अनि वित्तीय योजनाहरूको एउटा व्यापक कार्यक्रम र योजनाका बावजूद, यी समुदायका धेरै सदस्य यस्ता सुविधाहरूको लाभ उठाउन सक्षम छैनन्। परिणामस्वरूप, जागरूकता र पहुँचको कमीका कारण यी सुविधाहरूको उपयोगमा सिक्किमको साझेदारी अपेक्षाकृत कम छ। यसको मुख्य कारण यो हो कि उनीहरू यस्ता सुविधाहरूबारे अवगत छैनन् र धेरै मामिलाहरूमा सिक्किममा कुनै प्रभावी सुविधा दिने र उनीहरूलाई आपस्तमा जोड्ने संगठन छैनन्।

१. पछिल्लो बजेटमा घोषित गरिएझैं हाम्रो सरकारले अब प्रिन्ट, इलेक्ट्रोनिक र सोसियल मीडिया प्लेटफर्मसहित विभिन्न रूपमा यी योजनाहरूको बारेमा मानिसहरूलाई जागरूक गर्न समाज कल्याण विभागमा एउटा विशेष प्रकोष्ठ स्थापना गर्नेछ। यसको प्रसार गैर सरकारी संगठन, सामुदायिक संघ र सरकारी एजेन्सिहरूको माध्यमबाट गरिनेछ।

२. यस प्रकोष्ठले सम्बन्धित समुदायलाई भारत सरकारद्वारा शुरू गरिएका विभिन्न योजना र परियोजनाहरूसम्म सहज पहुँचमा सहायता गर्नेछ।

३. हामी यो पनि सुनिश्चित गर्नेछौं कि सार्वजनिक उपयोगिताका लागि सरकारद्वारा बनाइएका सबै भवनहरूमा सबै श्रेणीका दिव्याङ्ग व्यक्तिहरूको लागि अनिवार्य रूपमा सहज पहुँचको व्यवस्था होस।

## वृद्ध भत्ता अनि तीर्थाटन कोष

हाम्रो सरकारले संधै वृद्ध व्यक्तिहरूको हर समस्या र कठिनाईको यथासमम्भव उदारतापूर्वक समाधान गर्ने प्रयास गरेको छ। हामी चाहन्छौं, उनीहरू आफ्नो जीवनका अन्तिम केही दशक एउटा आरामदायक र चिन्तामुक्त समय बिताउन। अन्य सहयोग उपायहरूमध्ये वृद्ध भत्ता एउटा हो, जसलाई हामीले प्रमुखतासित अघि बढ़ाएका छौं।

अहिले हामी प्रदान गर्दैछौः

६० वर्षभन्दा माथिको उमेरकालाई रू. १५०० प्रति महिना
७० वर्षभन्दा माथिको उमेरकालाई रू. २००० प्रति महिना
८० वर्षभन्दा माथिको उमेरकालाई रू. २५०० प्रति महिना

पेन्शन मासिक आधारमा प्रदान गरिँदैछ र जब निर्वाह खर्चमा वृद्धि हुन्छ तब यसलाई बढ़ाइनेछ।

हामीले विधवा पेन्शन प्राप्त गर्ने आयुलाई ४० वर्षदेखि घटाएर २१ वर्ष गरेका छौं।

दुई वर्षको सरकार अवधिको हाम्रो महत्वपूर्ण हिस्सा महामारी विरूद्धको लड़ाईका बावजूद त्यस्तो अनिश्चितताको स्थितिमा पनि हामी राङ्कामा पारुहाङ्ग साप्तेन राई माङ्हिम अनि गान्तोकको ठाकुरबारी मन्दिर सहितका धेरै परियोजनाहरूलाई पूरा गर्नमा सक्षम बन्यौं।

ठूलो संख्यामा वरिष्ठ सिक्किमवासी सपना र इच्छा हुँदाहुँदै पनि तीर्थ यात्रामा जान सकिरहेका छैनन्। कुनै पनि धार्मिक स्थल/पवित्र स्थानहरूको तीर्थ यात्रामा जाने उनीहरूको धार्मिक इच्छाहरूलाई पूरा गर्नका निम्ति हाम्रो सरकारले अब भारतभित्र कहीँ पनि उनीहरूको तीर्थ यात्राको निम्ति आवश्यक धनराशि उपलब्ध गराउनेछ। यसमा यात्रा भाड़ा, भोजन र आवास समावेश हुनेछ।

समाज कल्याण विभागले आगामी तीन महिनाभित्र यस सम्बन्धी एउटा पूर्ण योजना र वित्त पोषणका साधन तयार गर्नेछ।

## जिल्ला निर्माण

मलाई यस ओजस्वी सदनमा यो जानकारी दिनमा प्रसन्नता भइरहेछ कि २०२२-देखि पश्चिममा सोरेङ र पूर्वमा पाकिम गरी दुई नयाँ जिल्लाहरू बनाइँदैछन्। हामीले यी जिल्लाहरूका लागि आवश्यक आधारभूत संरचना विकासका गतिविधिहरू शुरू गरिसकेका छौं।

## सिक्किम शहरी गरीब आवास योजना

वर्ष २०२० मा हाम्रो सरकारले सिक्किम गरीब आवास योजना शुरू गऱ्यो, जसअन्तर्गत गरीबहरूको आवासीय स्थितिमा गुणात्मक सुधार ल्याउनलाई एउटा टिभी सेट र फर्नीचरसितै पक्की घरको निर्माण गरिँदैछ। पछिल्लो सरकार विपरीत यसपल्ट लाभार्थीहरूको चयन ध्यानपूर्वक गरिँदैछ, ताकि यो योजना केवल वञ्चितहरूका लागि लागू होस। यस्तै प्रकारले, हामी शहरी क्षेत्रहरूमा आवास विकासका प्रावधानसहित सिक्किम शहरी गरीब आवास योजना शुरू गर्नेछौं।

हाम्रो योजना २६० फ्ल्याट, ६८८ वर्ग फुट क्षेत्रफलका ५०२ व्यक्तिगत घर र आवास विहीनहरूका निम्ति एउटा भवन, जसमा २० पुरूष र २० महिलाहरू अटाउने शयनशाला निर्माण गर्ने योजना छ।

## कौशल युवा स्टार्टअप कार्यक्रम

तादोङस्थित नरबहादुर भण्डारी डिग्री कलेजमा ५० सिक्किमे विद्यार्थीहरूका लागि यूपीएससी कोचिङ र गान्तोकमा निर्माणाधिन नागरिक सेवा अधिकारी संस्थान बाहेक हामीले चुम्बुङमा औद्योगिक प्रशिक्षण संस्थानको स्थापना पनि गरेका छौं।

३५ प्रतिशत सब्सिडीसहितको कौशल युवा स्टार्ट-अप योजना एउटा जीवन्त पहल हो, जसलाई युवा उद्यमीहरूले निरन्तर अपनाइरहेछन्। हामीले एउटा परिवारमा कम्तिमा एकजना उद्यमी जन्माउन उद्यमिता र आर्थिक विकास प्रकोष्ठ (सीड सेल) पनि शुरू गरेका छौं। यो योजना 'प्रत्येक परिवार एउटा उद्यमी'-को विचारमाथि आधारित छ।

## चालक कल्याण उपायहरू

सिक्किम सरकारले राज्यमा चालक समुदायको कार्य अवस्थामा सुधार ल्याउन धेरै उपायहरू अवलम्बन गरेको छ। दुवैपल्टको लकडाउनअवधि उनीहरूको आजीविकामा भएको नोक्सानीमा राहत प्रदान गर्ने र उनीहरूको सेवालाई मान्यता दिनका निम्ति पनि धेरै उपायहरू गरिएको छ।

१) सिक्किमको प्रत्येक जिल्लाका उत्कृष्ट चालकहरूलाई अब सरकारले बोलेरो ट्याक्सी उपलब्ध गराउनेछ।

२) हामीले ५०००-जना चालकहरूलाई चिकित्सा बीमा शुरू गरेका छौं। दुर्घटना वा अन्य पेशागत कार्यावधी असामयिक निधन भएमा मृतकको निकटतम सम्बन्धीलाई रू. ५ लाखको अनुदान राशि प्रदान गरिनेछ।

## शहरी गतिशीलता

विगतमा, विशेष रूपले सिक्किममा शासन सम्हाल्न अघि शहरी र ग्रामीण दुवै निकायहरूका सबै स्थानीय चुनाउ राजनीतिक आधारमा कठोरतापूर्वक आयोजित गरिएका थिए। सत्तारूढ़ राजनीतिक दललाई सबैतिर सक्रिय रूपले उम्मीदवारहरू प्रायोजित गर्दै प्रत्येक घर र यहाँसम्म कि मानिसहरूको राजनीतिकरण गर्दै गरेको देख्नसकिन्छ। सबै विरोधहरूलाई मान्यताइतर कुल्चिने काम भयो। सबैतिर सत्ताधारी राजनीतिक दलको एकाधिकार थियो। हामीले एकदमै द्वेषपूर्ण परिणाम देख्यौं अनि सामना र अनुभव गऱ्यौं। सत्तालाई समर्थन नगर्नेहरू र उनीहरूका परिवार तथा सम्बन्धीलाई लक्षित गरेर बहिष्कार, शारीरिक-मानसिक रूपले प्रताड़ित गरियो। हामी सिक्किमको शान्तिप्रिय समाजमा यस्ता खतरनाक कुकृत्य र विकृतिहरूलाई कसरी भुल्न सक्छौं?

यसैले, हामीले मानिसहरूलाई उनीहरूको लोकतान्त्रिक अधिकारहरूको उपयोग र आकांक्षाहरूलाई पूरा गर्न स्वतन्त्रता दिने

निर्णय गर्‍यौं। हामीले चारै जिल्लामा हालैमा सम्पन्न नगर पालिका चुनाउहरूमा पहिलोपल्ट पार्टी रहित चुनाउ शुरू गर्‍यौं। मानिसहरूले पहिलोपल्ट आफ्नो नेतृत्वको गुणवत्ता र आ-आफ्ना वार्डमा सेवा पुर्‍याउने क्षमता प्रदर्शन गर्दै स्वच्छ अनि प्रतिस्पर्धी अभियान चलाए। कुनै प्रकारको हिंसा भएन। प्रत्येक मतदाताले मुस्कुराउँदै मतदान गर्‍यो किनभने, न त कसैले उनीहरू र उनीहरूको गतिविधिमाथि नजर राखेको थियो।

आज हामीसित कुनै राजनीतिक दलले छानेका नभएर जनताले चुनेका नगर पालिका प्रतिनिधिहरू छन। पुरानो स्वभाव छोड़न कठिन पर्छ। यसपल्ट पनि हामीले शहरी निकाय चुनाउहरूलाई राजनीतिकरण गर्न गहिरोसित जरा गाड़ेर बसेका स्वार्थी तत्वहरूको हतास प्रयासहरू देख्यौं। जनताले उनीहरूलाई नकारिदिए। हामी तपाईंहरूलाई धन्यवाद र निर्वाचित प्रतिनिधिहरूलाई बधाई दिन्छौं।

हाम्रो सरकारले सबै निर्वाचित निकाय र सदस्यहरूको हृदयदेखि नै समर्थन गर्नेछ। हामी उनीहरूसित कठोर परिश्रम का साथ मानिसहरूसित मिलेर काम गर्ने अपील गर्छौं ताकि हामी शहरी क्षेत्रमा प्रकृति र जीवन शैलीलाई अधिक स्वस्थ, असल सुविधाहरू र सुनियोजित एकाईहरूमा परिणत गर्न सकौं। कृपया तपाईंहरू विश्वमा कहींबाट पनि विकासका सर्वोत्तम विचार, प्रासंगिक अवधारणाहरू

र विकासका सुलभ तक्नीकीहरू यहाँ ल्याउनुहोस। गुजरातको सूरत जस्तै हाम्रो सफल मोडललाई अपनाउनुहोस।

हामीसित स्मार्ट सिटी, अम्रुत, आत्मानिर्भर भारत, स्वच्छ भारत र धेरै अन्य केन्द्र सरकारका परियोजनाहरू छन। हामीले यी सबैको भरपूर उपयोग गर्नुपर्छ र यी परियोजनाहरूलाई भावना र व्यवहारमा अत्याधिक स्थानीय बनाउनुपर्छ। १५औं वित्त आयोगले शहरी र स्थानीय निकायहरूका लागि धनराशिको एउटा ठूलो हिस्सा छुट्याएर राखेको छ।

शहरी स्थानहरूमा मजबूत गतिविधिहरूलाई प्रोत्साहित गर्नका लागि व्यापारिक समुदायद्वारा बजार क्षेत्रमा भूमि अनि भवनको बिक्री/खरीदमा लाग्ने १० प्रतिशत करलाई आवासीय प्रमाण पत्र धारकहरूका निम्ति घटाएर ५ प्रतिशत गर्दै सबै श्रेणीका नागरिकहरूको निम्ति समान बनाइएको छ।

**माननीय अध्यक्ष महोदय एवं माननीय सदस्यगण,**

व्यक्तिगत लाभका निम्ति हाम्रा सबै प्राकृतिक संसाधनहरूको शोषण गर्ने निरंकुश शासनका दुष्ट तत्वहरूलाई हामीले देखेका छौं, जो कहिले-कही आफ्नो कुरूप शीर खड़ा गर्दछन। यस्ता तत्वहरूलाई राज्यका जनताले आफ्नो मताधिकारको प्रयोगद्वारा व्यापक रूपमा

पराजित गरे। कहानी बनाउने यस्ता भ्रष्ट तत्वहरू विरूद्ध हामी सदैव सतर्क र चनाखो रहनुपर्छ।

यसका साथै हाम्रो काँधमाथि सार्वजनिक जिम्मेवारीहरूको व्यापक स्वरूपलाई हेर्दै हामीले यीमध्ये कतिपय तत्वहरूलाई नजरअन्दाज गर्नुपर्ने हुन्छ अनि सिक्किमका मानिसहरूको निम्ति केही ठूलो हासील गर्ने दिशामा अघि बढ्नुपर्छ।

हाम्रा युवा प्रतिभाशाली छन। उनीहरूलाई केवल केही समर्थन र प्रेरणाको खाँचो छ। जब पनि उनीहरूलाई समाजका प्रतिनिधिहरूद्वारा डोहोऱ्याउने आवश्यकता पर्दछ, हामी त्यसका निम्ति तयार रहने छौं। हामी सबै सिक्किमवासीसित कठोर मेहनत, लगनशीलताका साथ काम गर्ने अपील गर्दछौं, किनकी समृद्ध र सबल सिक्किमको भविष्य सामूहिक प्रयास र सहकारी पहलहरूमा निहित छ। सरकारी अधिकारीहरूलाई सिक्किममा उत्कृष्ट व्यवहार गरिएको छ। यसैले, कृपया आफ्नो पेशेवर योगदानमा तपाईंहरूको सर्वोत्कृष्ट सेवा दिनुहोस। तपाईहरू आफ्नो मातृभूमि, राज्य, समाज र परिवारका लागि पनि योगदान दिइरहनु भएको छ, त्यसकारण कृपया आफ्नो सेवामा पनि १०० प्रतिशत दिनुहोस।

नागरिक समाजका सदस्य, गैर सरकारी संगठन, संगीतकार, कलाकार, लेखक, खेलाड़ी, शिक्षाविद, विद्वान, कार्यकर्ता, फिल्म

निर्माता, मीडियाकर्मी, उद्यमी र पेशेवरहरूले तपाईंहरू सबैसित खुल्ला अपील गरिरहेछन्। राज्यमा सबै रचनात्मक र व्यावसायिक गतिविधिहरूलाई विकसित गर्न आवश्यक कदम र कार्य के हुन् त्यसबारे तपाईंको रचनात्मक प्रतिभाको अभिव्यक्तिलाई अधिक व्यापक स्थान प्रदान गर्न सरकारलाई सल्लाह-सुझावका निम्ति कृपया आफ्नो सामूहिक र प्रतिनिधि संगठनहरूको उपयोग गर्नुहोस। श्रृङ्खलाबद्ध रूपमा विविध गतिविधिहरू सञ्चालन गर्नुहोस; तपाईं सरकारबाट कस्तो प्रकारको समर्थन चाहनुहुन्छ त्यो हामीलाई बताउनुहोस। तपाईं एउटा गाउँदेखि लिएर राज्य अनि देश तथा विश्वको शिखरसम्म पुग्न सक्नुहुनेछ। तपाईंको सफलतामा हाम्रो खुशी छ र तपाईंको उपलब्धी हाम्रो सन्तुष्टि हो।

**माननीय अध्यक्ष महोदय,**

अब म संक्षिप्तमा वित्तीय वर्ष २०२१-२२-का लागि बजेटीय रूपरेखाको उल्लेख गर्नेछु। रू. २६४.२० करोड़ (दुई सय चौंसट्ठी करोड बीस लाख रूपियाँ) बराबरको प्राप्तिको लेखालाई ध्यानमा राख्दै रू. ९८५२.८५ करोड़ रुपियाँको शुद्ध व्यय प्रावधान (नौं हजार आठ सय बाउन्न करोड़ पचासी लाख रूपियाँ) विरूद्ध चुक्ता व्यय ९५८८.६५ करोड़ रुपियाँ (नौं हजार पाँच सय अट्ठासी करोड़ पैंसट्ठी लाख रुपियाँ) आउँछ। वित्तीय घाटा सिक्किम वित्तीय नियोजन अनि

बजेट प्रबन्धन अधिनियम, २०१० अर्थात जीएसडीपी-को ४ प्रतिशत भन्दा कम निर्धारित वित्तीय प्रबन्धन लक्ष्यको अनुपालनमा कायम रहेको छ। स्व कर राजस्वको योगदान रू. ११९५.४८ करोड़ (एक हजार एक सय पञ्चानब्बे करोड़ अनि अड्चालीस लाख रूपियाँ) अनि गैर कर राजस्व रू. ७७५.२१ करोड़को (सात सय पचहत्तर करोड़ अनि एक्काइस लाख रूपियाँ) हाराहारीमा रहेको छ।

कुल व्ययमा रू. ३९.१९ करोड़ (उनन्चालीस करोड़ अनि उन्नाइस लाख रूपियाँ) पूर्वोत्तर परिषद अनुदानअन्तर्गत आवन्टित र रू. १५४.०६ करोड़ (एक सय चौवन्न करोड़ छह लाख रूपियाँ) केन्द्रिय संसाधनको अच्युत कोष अनि रू. २१४९.६३ करोड़ (दुई हजार एक सय उनन्चास करोड़ अनि त्रिसट्ठी लाख) केन्द्रिय प्रायोजित योजनाअन्तर्गत रहेको छ।

प्राप्ति र वितरणको संक्षिप्त लेखा तल दिइएको छ र बजेटमा समाविष्ट गरिएको छ।

| क्रम सं | प्राप्तिहरू | राशि (करोडमा) |
|---|---|---|
| १. | कर राजस्व | ११९५.४८ |
| २. | गैर कर राजस्व | ७७५.२१ |
| ३. | केन्द्रिय करहरूमा राज्यको अँश | २५८२.३९ |
| ४. | अनुदान | ३१८९.६१ |
| ५. | शुद्ध ऋण | १६०६.८७ |
| ६. | पूँजीगत व्ययका निम्ति ५० वर्षको ब्याज मुक्त ऋणको रूपमा वित्तीय सहयोग | २००.०० |
| ७. | ऋण अनि अग्रिमहरूको असुली<br>चुक्ता जनलेखा | ०.०८<br>३९.०१ |
| | **कुल प्राप्ति** | **९५८८.६५** |
| **क्रम सं** | **व्यय** | |
| १ | राजस्व व्यय | ७३९०.९२ |
| २. | पूँजीगत व्यय | २१९७.७३ |
| | **कुल चुक्ता व्यय** | **९५८८.६५** |

आउँ एकपल्ट हामी सिक्किमका मानिसहरूको भलाइका निम्ति टिकाउ विकास नीतिहरूमाथि आधारित हाम्रो लक्ष्यलाई पूरा गर्न पुनः अघि बढ़ौं। राज्यको शान्ति र सद्भावनालाई कायम राख्न आफैलाई पुनर्समर्पित गरौं र राज्य नवान्वेष र प्रगतिको एउटा उदाहरण बन्नेछ भन्ने सुनिश्चित गरौं।

म यो पनि बताउन चाहन्छु कि सिक्किम सरकारले महामारीका कारण आफ्ना माता-पिता दुवै गुमाएका नानीहरूको हेरचाह गर्नका साथै उनीहरूको शिक्षा र अन्य खर्चको जिम्मेवारी लिनेछ।

यी प्रतिबद्धताहरूसितै म सदनमा वर्ष २०२१-२२ को बजेट विचारका निम्ति प्रस्तुत गर्दछु।

**धन्यवाद।**

**जय हिन्द!!**

**जय सिक्किम!!**